# पहिलो अध्याय

# परिचय

## १.१ सामान्य परिचय

सन् १९७२ सम्म वन विभाग अर्न्तगत रहेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई सन् १९८० मा अलग विभागमा घोषणा गरियो । जस अन्तर्गत १० वटा राष्ट्रिय निकुञ्ज, ३ वटा वन्यजन्तु संरक्षण, ६ वटा संरक्षण क्षेत्र, १ वटा शिकार आरक्ष र १२ वटा मध्यवर्ती क्षेत्र रहेका छन् । नेपालको करीव ३८ वर्ष लामो वन्यजन्तु संरक्षण तथा व्यवस्थापन सम्वन्धि अनुभववाट नेपालको प्राकृतिक सम्पदा तथा वन्यजन्तुहरुको संरक्षणमा योगदान पुगेको तथ्य हामी सामु छर्लङ्ग देखिन्छ । यी क्षेत्रहरुले नेपालको कुल क्षेत्रफलको १,४७,१८१ वर्ग कि.मि.को २३.२३ % क्षेत्रफल ओगटेका छन् (DNPWC, 2012)।

रारा राष्ट्रिय निकुञ्ज २९°२६'२८'' उत्तर देखि २९°३३'११'' उत्तरी अक्षांश सम्म र ८१°५९'५४'' पूर्व देखि ८२°०८'२७'' पूर्वी देशान्तर सम्म अवस्थित रहेको छ । समुद्री सतहवाट २,९७२ मिटर उचाई, कुल क्षेत्रफल १०६ वर्ग कि.मि.,१६७ मिटर गहिरो, ५ कि.मि. लम्वाई, ३.२ कि.मि. चौडाई र नेपालको विशाल ताल **'रारा'** जस्ता विशेषता वोकेको **कचौरा वा महेन्द्र** तालका नामवाट नामाकरण गरिएको **रारा राष्ट्रिय निकुञ्ज** नेपालको मध्य पश्चिम अञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलका पाँचवटा जिल्लाहरु मध्ये उत्तरी भेगमा अवस्थित मुगु जिल्लामा पर्दछ । यो नेपालको सवैभन्दा सानो राष्ट्रिय निकुञ्ज हो । निकुञ्ज भित्रको जैविक विविधताहरुको संरक्षण, व्यवस्थापन र उपयोग गर्ने उद्देश्यका साथ वि.सं. २०३२ सालमा यस रारा राष्ट्रिय निकुञ्जको स्थापना भएको थियो । यस निकुञ्ज भित्र ८ वटा संरक्षण उपपोष्ठहरु रहेका छन् । यस निकुञ्जको सवैभन्दा अग्लो चुचुरो **'चुचेमारा'** हो । जो समुद्री सतहवाट ४०३९ मिटरको उचाईमा अवस्थित रहेको छ (Rara National Park and Its Bufferzone Resource Profile, Department of National Park and Wild

Life Conservation / Participatory Conservation Programme, Ktm, Nepal, 2006)।

धार्मिक रुपमा यस निकुञ्ज भित्र रारा महादेव, छाप्रु महादेव, छायाँनाथ, हराहरा महादेव र थाकुरनाथ जस्ता प्रसिद्ध मठ मन्दिरहरु रहेका छन् । विभिन्न समयमा यी देवी देवताहरुको मन्दिरमा स्थानीय वासिन्दाहरुवाट दर्शन, पाठपूजा र अर्चना प्राचीन काल देखि हालसम्म गरिदै आईरहेको पाईन्छ। धार्मिक आस्था वोकेका यहाँका वासिन्दाहरु निकुञ्ज स्थापना भए पश्चात् पनि आफ्नो रितीरिवाज, मूल्य, मान्यता र चालचलन आदिका कारणले विभिन्न समयमा निकुञ्ज भित्र धामी, झाँक्री नचाउने र स्थानीय देउडा नाँच लगाउने गर्दछन् (DNPWC, 2012)।

यस राष्ट्रिय निकुञ्जमा अधिकांश विभिन्न प्रजातिका रुखहरु जस्तै भोजपत्र, निगालो, लालीगुराँस, भोटेपिपल, वैस, खर्सु, डालेचुक, ढटेलो, ओखर, चुली, आरु, सल्लोको विभिन्न पाँचवटा प्रजातिका वनस्पति, चिलाउने आदि जस्ता वनस्पति लगायत भुल्ते, सतुवा, कुट्की, चिराईतो, पदमचाल, पाँचऔले, जटामसी, रुगी साग, रामतुलसी, सुगन्धवाल आदि जस्ता अमूल्य जडिवुटीहरुका साथै डाँफे, मुनाल, मजुर, च्याखुरा, कालिज, कोईली, काग, जुरेली, हाँस, ढुकुर, सारस, चिल, गिद्ध, लाटोकोसेरो आदि जस्ता २९२ प्रजातिका चराचुरुङ्गीहरु र हिमाली कालो भालु, हिम चितुवा, घोरल, झारल, थार, कस्तुरी मृग, रतुवा, व्वाँसो, वनकुकुर, वँदेल, नाउँर, स्याल, हिमाली खरायो जस्ता दुर्लभ वन्यजन्तुहरु पाईन्छन् । यस राष्ट्रिय निकुञ्जले जुम्ला जिल्लाका कनकासुन्दरी, मालिका वोता र वुम्रमाडीचौर तथा मुगु जिल्लाका पिना, कार्कीवाडा, श्रीनगर, रारा, सेरी, खमाले, गा.वि.स.का जम्मा ८७९ घरधुरीलाई प्रत्यक्ष रुपमा प्रभाव पारेको छ (Rara National Park and Its Bufferzone Resource Profile, Department of National Park and Wild Life Conservation / Participatory Conservation Programme, Ktm, Nepal, 2006)।

प्राचीन समयमा यस क्षेत्रमा दुईवटा गाउँहरु रारा र छाप्रुका करीब ६०० मानिसहरुको बसोबास रहेको थियो । उक्त क्षेत्रको भू-बनोट भिरालो रहेको र त्यहाँका बासिन्दाहरुले आफ्नो जीविकोपार्जनका निम्ति खेतीपाती, पशुपालन, शिकार जस्ता क्रियाकलापहरु गर्ने गर्दथे । समुदायका टाठाबाठा व्यक्तिहरुले राजनैतिक पेशा अँगालेको पाइन्छ । त्यतिबेला त्यहाँका मानिसहरु तागो (नयाँ वर्षमा आइमाइले लगाउने डोरी), साउने संक्रान्ति, दशैं, तिहार, भूँओ, माघे संक्रान्ति, पुर्णिमा जस्ता चाडहरु एक आपसमा हातेमालो गरी सु:ख र दु:ख साटासाट गर्दै मनाउने गरेको पाइन्छ भने सामाजिक सम्बन्धलाई अझै प्रगाढ बनाउन ब्रतबन्ध तथा विहेमा रमाउने गरेको पाईन्छ । सो समय देखि घना रहेको उक्त क्षेत्रको जङ्गल क्रमश: जनसंख्या वृद्धिको कारण फडानी हुँदै गयो । जङ्गलका जिवजन्तु तथा चराचुरुङ्गीहरुको शिकार गर्ने प्रवृत्ति बढ्दै गयो । अन्नत: सो क्षेत्रको समयमै संरक्षणको रणनीति नअपनाएमा प्राकृतिक संकटको अवस्था देखा पर्ने भएकाले श्री ५ को सरकारले उक्त क्षेत्रमा बसोबास गर्ने समुदायहरुको सुरक्षित स्थानान्तरण गरी त्यस क्षेत्रको प्राकृतिक वातावरणका उपज वन्यजन्तु, पशुपंक्षी, वनस्पति र भू-स्वरुपलाई संरक्षण, व्यवस्थापन र उचित प्रयोग गर्ने सोच बनायो । सन् १९७२ मे मा खाद्य तथा कृषि संगठन र वन्यजन्तु संरक्षण व्यवस्थापनका सल्लाहकार टोली र यी निकाय सँगै काम गर्ने व्यक्तिहरुले यो क्षेत्रको भ्रमण र अवलोकन गरे । ती टोलीहरुको अध्ययनले उक्त क्षेत्रलाई सानो राष्ट्रिय निकुञ्जको स्थापना गर्नु आवश्यकता रहेको प्रतिवेदन निकाल्यो । त्यो प्रतिवेदनलाई उक्त टोलीले श्री ५ को सरकार समक्ष प्रस्तुत गऱ्यो । श्री ५ को सरकारले उक्त प्रतिवेदनको आवश्यक अध्ययन गरी सिद्धान्तत् पारित गऱ्यो र सन् १९७६ मा नेपालको सबैभन्दा सानो र पश्चिमाञ्चलको पहिलो राष्ट्रिय निकुञ्जको रुपमा स्थापना गऱ्यो (Malla, 1997) । रा.रा.नि.को अधिकांश भाग मुगु र केही भाग जुम्ला जिल्लामा पर्दछ । निकुञ्जको स्थापना पश्चात् त्यस क्षेत्रमा बसोबास गर्ने २ वटा गाउँका मानिसहरुलाई श्री ५ को सरकारले बाँके जिल्लाको चिसापानी क्षेत्रमा सन् १९८० मा पुर्नस्थापना गऱ्यो । निकुञ्जको स्थापना पश्चात् त्यस क्षेत्रका केही जनताहरु प्रभावित भएता पनि त्यस क्षेत्रको जैविक तथा अजैविक वातावरण संरक्षण गर्नुका साथै जिल्ला र समग्र राष्ट्रलाई महत्वपूर्ण योगदान पुऱ्याई रहेको छ ।

## १.२ समस्याको कथन

यस रारा राष्ट्रिय निकुञ्जको विगतको इतिहाँस वा पौराणिक किम्बदन्तीलाई कोट्याउने हो भने यस क्षेत्रमा ठकुरी शाह वंशीय राजाहरुको बसोबास भएको पाइन्छ । तिनीहरुले आफ्नो स्याहार, सुसार गर्ने, खेतीपाती गर्ने जस्ता घरभित्र र बाहिरका अनुत्पादित र अनिर्णयत कार्यहरुमा त्यहाँका खस जातिका समुदायहरु क्षेत्री र दलितहरुलाई हतियारका रुपमा प्रयोग गर्ने र आफू विभिन्न निर्णायक पद अनि प्रतिष्ठायुक्त भूमिकामा व्यस्त हुन्थ्ये वा त्यो समयमा एउटा वर्ग शासक र अर्को वर्ग शोषित भएको पाइन्छ (Malla, 1997) । उक्त समयका मानिसहरुमा पशुपालन र विभिन्न धार्मिक कार्यमा विशेष रुचि भएका प्रमाणहरु अहिले पनि त्यस निकुञ्जको आसपासमा रहेका विभिन्न मठमन्दिर, गोठ र घरहरुलाई अवलोकन गर्न सकिन्छ । समयको चक्रसँगै किम्बदन्ती र बुढापाकाहरुको भनाई अनुसार पहिले यस क्षेत्रमा जलमग्न ताल नभएको पाइन्छ । वर्तमान ताल वरिपरि मानिसहरुको आवादी जग्गा लगायत झुण्ड-झुण्डमा बस्तीहरु रहेको पाइन्छ । एक दिन एउटा ऋषिमुनि घुम्दै जाने क्रममा उक्त वस्तिमा पुग्दा उसलाई खानेपानीको आवश्यकता पर्दा उसले गाउँ भरिका मानिसहरुसँग माग्दा आफ्नो समस्या पूरा नभएको आवेगमा ऋषिको साथमा भएको पानी हाल्ने भाँडो (चिण्डो) फुटाउँदा उक्त क्षेत्रमा जलमग्न भई यस रारा तालको उत्पत्ति भएको किम्बदन्ती त्यहाँका बासिन्दाहरुमा रहेको छ । तालको उत्पत्ति पश्चात् आवादी क्षेत्र जलमग्न हुँदा त्यहाँका प्रसिद्ध देवता ‘छायाँनाथ ठाकुर ज्यू’ ले तालको पूर्वी किनाराको स्थानबाट धनुवाणले हानेर तालको दक्षिणी भागमा काट्दा उक्त तालको पानी तालबाट निकाशा भएको थियो (Malla, 1997) । यस तालबाट निकासा भएको खोलालाई ‘खत्याड खोला’ का नामले चिनिन्छ । छायाँनाथ ठाकुर ज्यूले धनुवाणले हिकाउँदा लिएको आडलाई अहिले पनि तालको पूर्वी किनाराको माथिपट्टी अवलोकन गर्न सकिन्छ ।

यस निकुञ्जलाई जब वि.सं. २०३२ सालमा तत्कालीन श्री ५ को सरकारले राष्ट्रिय निकुञ्जमा घोषणा गऱ्यो तब त्यस क्षेत्रका जनसमुदायहरु ठाउँ-ठाउँमा विस्थापित हुनु पर्दा तिनीहरुको सामाजिक, साँस्कृतिक र आर्थिक पक्षमा निक्कै प्रभाव परेको देखिन्छ । यस निकुञ्जबाट विस्थापित समुदायहरुको उचित संरक्षण गर्न श्री ५ को सरकारले जम्मा १४२ घरधुरीका प्रत्येक घरधुरीमा मुआब्जास्वरुप ४ कट्टा घडेरी र ३० कट्टा बनेडी गरी जम्मा ३४ कट्टा जग्गा वितरण गरेको पाइन्छ (Malla, 1997) । श्री ५ को सरकारको नीति र उद्देश्य अनुसार प्रत्येक घरधुरीलाई समान रुपले जग्गा वितरण गरिएको कुरा यहाँका समुदायका मानिसहरुको भनाइ रहेको छ (28th Warden Seminar, 2012)।

नेपालमा राष्ट्रिय निकुञ्ज माथि गरिएका विभिन्न अध्ययन तथा अनुसन्धान अनुसार नेपालका १० ओटा राष्ट्रिय निकुञ्जहरु मध्ये अधिकांश राष्ट्रिय निकुञ्ज र ती निकुञ्ज आसपासका स्थानीय समुदायहरु बीच विभिन्न कारणहरुले द्वन्द्वको अवस्था सृजना भईरहेको छ । जसको परिणाम स्वरुप त्यहाँका जनता र वन्यजन्तुहरुको वीचमा पटक-पटक मुठभेडको स्थिति हुने भएता पनि यस रा.रा.नि.मा वर्तमान समय सम्म यस प्रकारको विकराल समस्या उत्पन्न भएको देखिदैन् । तथापि यस निकुञ्ज आसपासका ९ ओटा गा.वि.स.का वस्तीहरु नजिक उपयुक्त घेरवारको प्रवन्ध नभएकाले निकुञ्जका जंगली जनावरहरुले विभिन्न बालीहरु नष्ट गरिदिने, निकुञ्जको स्थापनाले पशुचरन, पशुहरण र पशुक्षतिका साथै मानव क्षतिको स्थिति, भौतिक पूर्वाधार निर्माणका लागि काष्ठ लगायत खाना पकाउने दाउरा र मल बनाउन प्रयोग गरिने स्याउला ( सल्ला र अन्य वनस्पतिहरुको झरेको पातहरु ) को प्रर्याप्तताको अभाव र रा.रा.नि.को मध्यभागमा अवस्थित तालवाट निष्काशन हुने पानीका स्रोतहरुले खेती योग्य भू-भागमा भूक्षय आदि जस्ता नकरात्मक प्रभावहरु अर्थात समस्याहरु र स्थानीय समुदायहरुको आर्थिक वृद्धि, शैक्षिक एवम् धार्मिक र वातावरण संरक्षण जस्ता सकारात्मक प्रभावहरु रहेको यहाँका ब्यक्तिहरुको राय रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोध कार्यको मुख्य उद्देश्य मुगु जिल्लामा अवस्थित रारा राष्ट्रिय निकुञ्जको चिनारी गराउनु हो भने यसका विशिष्ट उद्देश्यहर निम्नानुसार निर्धारण गरिएका छन् :

(क) रा.रा.नि. ले आसपासका समुदायमा पारेको सकारात्मक प्रभाव बारे अध्ययन गर्ने,

(ख) रा.रा.नि. ले आसपासका समुदायहरुमा पारेको नकारात्मक प्रभाव बारे गर्ने ।

## १.४ अध्ययनको औचित्य र महत्व

हरेक अध्ययन र अनुसन्धानका आ-आफ्नै औचित्य हुन्छन् । औचित्यहिन अध्ययनले समाजको ज्वलन्त र महत्वपूर्ण घटनाहरुलाई समेट्न सक्दैनन् । अतः यस प्रस्ताव लेखनको विषय छनौटमा पनि आफ्नै सीमित औचित्य बाँधिएको छ ।

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत गरिएका अधिकांश प्रस्ताव लेखन र अनुसन्धान लेखनका प्रतिवेदनहरु सुगम र सहर केन्द्रित भएको पाइन्छ । यस विपरित यो प्रस्ताव लेखन र यसमा थालनी गर्ने अनुसन्धान लेखन नेपालको आर्थिक, सामाजिक, भौतिक र राजनैतिक विकासको दृष्टिकोणले ७६ औं स्थानमा गनिने जिल्ला मुगु र त्यहाँ अवस्थित प्राकृतिक सम्पदा र त्यसले मानव समुदायमा पारेको प्रभाव बारे जानकारी गराउने उद्देश्य बोकेकाले यो निक्कै महत्वपूर्ण हुनेछ । जसले समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययनमा थप टेवा पुऱ्याउनुका साथै वर्तमानमा गरिएको यो अध्ययनले सरकारी र गैरसरकारी क्षेत्रका शोधकर्ता, खोजकर्ता र नीति निर्माताहरुलाई संख्यात्मक र गुणात्मक तथ्याङ्कहरु प्रदान गर्नुका साथै नेपालमा भएका रमणीय प्राकृतिक सम्पदाहरुको शोध र खोज गर्न प्रेरित गर्ने भएकोले प्रस्तुत शोधपत्रको सैद्धान्तिक र व्यवहारिक महत्व रहेको छ ।

# दोस्रो - अध्याय

# सम्बन्धित साहित्यको समिक्षा

## २.१ सन्दर्भ साहित्यको पुनरावलोकन

नेपालको सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज रारा राष्ट्रिय निकुञ्जले आसपासका स्थानीय समुदायको जनजीवनमा पारेको प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धान आजसम्म विभिन्न समाजशास्त्री/मानवशास्त्रीहरुले गरेको पाइँदैन । तथापी शोधकर्ताद्वारा यस विषयसँग सम्बन्धित केही महत्वपूर्ण अध्ययनहरुको पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

Makinnon J., Makinnon K., Child G., and Thronett (1987) का अनुसार कुनै पनि राष्ट्रका संरक्षणमा परेका विभिन्न क्षेत्रहरुको उचित व्यवस्थापन त्यस क्षेत्र आसपास बसोबास गर्ने स्थानीय बासिन्दाहरुको सचेतना र उत्तरदायित्व माथि भर पर्दछ । जब उक्त संरक्षित क्षेत्रबाट ती समुदायलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा फाईदा पुग्छ तब तिनीहरु उक्त क्षेत्रको विकास र व्यवस्थापनमा प्रत्यक्ष सामेल हुन्छन । त्यसैले निकुञ्ज क्षेत्र र मध्यवर्ती क्षेत्रको उद्देश्य आसपासका स्थानीय समुदायहरुको आर्थिक स्तरलाई उकास्ने खालको हुनुपर्दछ । निकुञ्ज र मध्यवर्ती क्षेत्र आसपासका जनताहरुले ती क्षेत्रको संरक्षण गरेमा उक्त क्षेत्रबाट विभिन्न फाइदाहरु उपभोग गर्न सक्ने उल्लेख गर्दै उनले जिम्वाब्येको राष्ट्रिय निकुञ्जलाई उदाहरणको रुपमा लिएका छन् । यस राष्ट्रिय निकुञ्जमा त्यहाँका मानिसहरुले वन्यजन्तु तथा चराचुरुङ्गीहरुको शिकार गर्ने र डढेलो लगाउने जस्ता कार्यहरुलाई निरुत्साहित गरे पश्चात् उक्त निकुञ्जले त्यहाँका समुदायहरुलाई समय-समयमा निकुञ्जबाट विभिन्न प्रयोजनका लागि घाँस तथा दाउराको निर्यात गर्न अनुमती दिएको पाइन्छ । यस उदाहरणले संरक्षित क्षेत्रको जैविक विविधता संरक्षण गर्न सकेमा त्यसले त्यहाँका स्थानीय समुदायलाई प्रत्यक्ष फाईदा पुऱ्याउने कुरालाई पुष्टि गर्दछ ।

Vas de Antoon (1986) ले आफ्नो अध्ययनमा विकसित देशका मानिसहरुले निकुञ्ज र संरक्षित क्षेत्रबाट पर्यटक, उद्योग र रोजगारी जस्ता पक्षहरुबाट लाभ लिई आफ्नो आर्थिक पक्षलाई मजबुत बनाएको कुरालाई उल्लेख गरेका छन् । यी देशका मानिसहरुले वन्यजन्तुहरुको उचित व्यवस्थापन र उपयोग गर्ने भएकाले निकुञ्ज र संरक्षित क्षेत्रको जैविक विविधता र त्यस आसपासका मानिसहरु दुवै पक्षलाई सकारात्मक प्रभाव परेको कुरा पनि उनले आफ्नो अध्ययनमा प्रस्तुत गरेका छन् ।

Somboon (1990) को अध्ययनमा थाईल्याण्डमा संरक्षण गरिएका क्षेत्रहरुको व्यवस्थापनमा देखिएका समस्याहरुको बारेमा जोड दिएको पाईन्छ । व्यवस्थापनमा देखिएका मुख्य समस्याहरुमा संरक्षित क्षेत्रको भू-भागलाई अतिक्रमण गरिनु वा आफ्नो अधिकारमा लिनु, जंगली जनावरहरुको चोरी शिकारी हुनु र बोटबिरुवाहरुको बढ्दो कटानी जस्ता कार्यहरु रहेको पनि उनले उल्लेख गरेका छन् । उनले थाईल्याण्डका संरक्षित क्षेत्रहरुको उचित व्यवस्थापन गर्न ती क्षेत्रहरुमा स्थायी रुपमा घेरवारको आवश्यकता रहेको कुरा बताएका छन् । उनको अध्ययनमा थाईल्याण्डका संरक्षित क्षेत्रमा भएका अत्यावश्यक समस्याहरुलाई निम्नलिखित ३ मुख्य श्रेणीमा उल्लेख गरेको देखिन्छ :-

(क) विगतमा भएको अतिक्रमण
(ख) वर्तमानमा भएको अतिक्रमण
(ग) अन्य अवैध क्रियाकलापहरु

दक्षिण अमेरिकामा मुसो, लोखर्के, खरायो जातका पशु र विशाल कछुवा जस्ता जिवजनावरहरु प्राकृतिक रुपमै सफलतापुर्वक सुरक्षित राख्ने ठूलो प्रयास भएको छ भने न्यूजिल्याण्डमा हरिणका रौंहरुबाट विभिन्न किसिमका बस्त्रहरु, मासु र यसका सिंहहरुबाट लाखौं रकम आयात हुने भएकोले न्यूजिल्याण्डमा करीब ४,००० भन्दा बढी हरीणहरु पालन गरिएको र यसबाट त्यहाँका स्थानीय समुदायको आर्थिक स्तरमा तिव्र वृद्धि हुनुका साथै सिङ्गो देशको अर्थतन्त्रमा समेत प्रभावकारी प्रभाव परेको

देखिन्छ । यस प्रकारको जङ्गली जनावरहरुको पालन प्रक्रियाले तिनीहरुको उचित संरक्षण र पुर्न-उत्पादनमा ठूलो टेवा पुगेको पनि उल्लेख गरिएको छ ।

Malik (1988) ले पाकिस्तानमा संरक्षण गरिएका क्षेत्रहरुको व्यवस्थापन पक्षमा अध्ययन गरेकी छिन् । उनको अध्ययन अनुसार पाकिस्तानमा संरक्षण क्षेत्र भन्ने अवधारणा नयाँ नभए पनि यहाँ संरक्षण क्षेत्रभन्दा बाहिर वन्यजन्तुहरुको अधिक शिकार हुने गरेको पाइन्छ । वन्यजन्तुहरुको प्राकृतिक बासस्थान पनि त्यहाँका समुदायहरुद्वारा निष्ठुरतापूर्वक नष्ट गरिएका छन् । जसको फलस्वरुप धेरै जनावरहरु हराइसकेका छन् भने करीब ३१ प्रजातीका स्तनधारी जनावरहरु, २० प्रजातीका चराचुरुङ्गीहरु र ५ प्रजातिका घस्रेर हिँड्ने प्राणीहरु लोपोन्मुख अवस्थामा पत्ता लागेका थिए । उनको अध्ययनमा त्यस्ता लोपोन्मुख जिवजन्तुहरुको व्यवस्थापन गर्न त्यहाँका समुदायहरुलाई शिक्षाको चेतना फैलाउनु पर्ने र तिनीहरुको संरक्षण कार्यमा सहयोग गर्नुपर्ने जस्ता रणनीतिहरु अवलम्बन गर्नुपर्ने देखिन्छ । उनले यस अध्ययनमा पाकिस्तानको चिल्टोन राष्ट्रिय निकुञ्जलाई उदाहरणको रुपमा प्रस्तुत गरेकी छिन् । यस राष्ट्रिय निकुञ्ज पूर्ण रुपमा घेरवार गरिएको भएता पनि यस क्षेत्र आसपास बसोबास गर्ने स्थानीय समुदायहरुले घर/गोठको निर्माण गर्ने, गाई वस्तु चराउने र दाउरा सोत्तर संकलन गर्ने जस्ता क्रियाकलापहरु द्वारा उक्त निकुञ्जलाई नकारात्मक प्रभाव पुऱ्याइरहेको देखिन्छ । त्यस क्षेत्रका स्थानीय समुदायको निकुञ्ज प्रतिको परनिर्भरता हुनुमा तलका समस्याहरु बढी जिम्मेवारी देखिन्छन् :-

(क) सामाजिक र आर्थिक समस्या

(ख) शैक्षिक समस्या

(ग) बित्तीय समस्या

(घ) प्राविधिक र प्रशासनिक समस्या

(ङ) राजनैतिक समस्या

ज्ञवाली (१९८९) ले शाही चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत त्यहाँका समुदाय र निकुञ्ज विच समय-समयमा सिर्जना हुने द्वन्द्वको बारेमा अनुसन्धान गरेका छन् ।

यस अनुसन्धानमा निकुञ्जको नजिक रहेको सौराह क्षेत्रमा विशेष गरी गैंडाले मानिसहरुलाई सताउनुका साथै बालीनालीहरुको नोक्सान गर्ने भएकाले मानिस र गैंडा बिच द्वन्द्वको स्थिति हुने बताइएको छ । उक्त समस्याको समाधान गर्न अनुसन्धनकर्ताले २ वटा विधिहरु (प्रत्यक्ष र अप्रत्यक्ष) उल्लेख गरेका छन् । प्रत्यक्ष विधि अन्तर्गत जङ्गली गैंडाले स्थानीय समुदायको खेतवारीमा बालीनालीको नोक्सान गरे वाफत्को क्षतिपूर्तिको व्यवस्था र गैंडाहरुको उचित रेखदेख सम्बन्धित निकायले गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी अप्रत्यक्ष विधिमा त्यस क्षेत्रका समुदायहरु सचेत भएर आफ्नो बालीनाली नष्ट हुनबाट जोगाउनु पर्ने बताईएको छ । यसका साथै उनले आफ्नो अनुसन्धानमा निकुञ्ज क्षेत्रको करीब ५०० मिटर नजिक पर्ने सौराह क्षेत्रमा जंगली जनावरहरुले विशेष गरी धानबाली क्षति गर्ने भएकाले यसको क्षतिलाई न्यूनीकरण गर्न परम्परागत “मछान विधि” को प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरेका छन् ।

खरेल (१९९३) ले लामटाङ राष्ट्रिय निकुञ्जमा त्यहाँका जनता र निकुञ्ज बिचको द्वन्द्वको बारेमा अध्ययन गरेका छन् । जसमा हिमाली भालु, बाँदर, चितुवा र मुख्य गरी सुँगुर जस्ता जंगली जनावरहरुले स्थानीय समुदायका विभिन्न बालीनालीहरु नष्ट गरी नकारात्मक प्रभाव पारेको र आफ्नो मेहनत गरेर फलाएको बाली नष्ट गर्ने ती जनावरहरुको शिकार स्थानीय समुदायहरुले गर्ने भएकोले यस क्षेत्रमा पनि समय-समयमा द्वन्द्वको स्थिति सिर्जना हुने गरेको पाइन्छ । यो स्थितिलाई समाधान गर्न लामटाङ राष्ट्रिय निकुञ्जले त्यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको दिगो रुपमा प्रयोग गर्ने तरिका बारे स्थानीय समुदायका मानिसहरुलाई परिचय गराउन आवश्यक भएको कुरा जानकारी गराइएको छ ।

भट्ट (१९९४) को “बर्दिया राष्ट्रिय निकुञ्जमा मध्यवर्ती क्षेत्रको स्थापना” शोधपत्रमा उक्त निकुञ्ज र आसपासका मानिसहरुमा भएका विभिन्न समस्याहरु मध्ये निकुञ्जका जंगली जनावरहरुले मध्यवर्ती क्षेत्रका समुदायहरुको बस्ती, बालीनालीको क्षतिका साथै मानवीय क्षति गरिदिने र स्थानीय समुदायका पशु चौपायाहरु निकुञ्ज भित्र हराउने आदि हुन् भने मध्यवर्ती क्षेत्रका स्थानीय समुदायहरुको कृषि क्षेत्रमा प्रायः

भेट्टिने जङ्गली जनावरहरु जस्तैः बनेल, बराह, निलगाई, जंगली हात्ती, गैंडा, चित्तल आदि मानिस द्वारा शिकार हुने जस्ता जंगली जनावरहरुका समस्याहरु रहेका छन् । तसर्थ यस राष्ट्रिय निकुञ्जको स्थापनाले जङ्गली जनावर र आसपासका बस्तीहरुमा नकारात्मक प्रभाव पारेको देखिन्छ । यसका साथै यस निकुञ्जमा वन्यजन्तुको शिकार गरिनु, माछा मार्नु, डढेलो लगाइनु र पर्यटकहरुको अत्यधिक चाप हुनु जस्ता क्रियाकलापहरुले निकुञ्ज क्षेत्रको संरक्षणमा प्रभाव परेको देखिन्छ ।

श्रेष्ठ (१९९४) ले कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्रमा त्यहाँका बासिन्दा र निकुञ्जको समस्याहरु लगायत यस आरक्षण केन्द्रमा बेला बेलामा भइरहने द्वन्द्वको बारेमा अनुसन्धान गरेका छन् । यस आरक्षण केन्द्रको स्थापना कालदेखि नै त्यहाँका स्थानीय समुदायहरु त्यस केन्द्र प्रति नकारात्मक दृष्टिकोण राखेको पाइन्छ । यही दृष्टिकोणको परिणाम स्वरुप यस क्षेत्रमा द्वन्द्व हुने तथ्य उल्लेख गरिएको पाइन्छ ।

प्रधान (१९९५) ले मध्यवर्ती क्षेत्रको व्यवस्थापन सम्बन्धी आफ्नो अध्ययनमा विशेषत स्थानीय समुदायहरुले काठ र दाउराको दिगो उपयोग गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । जसमा मध्यवर्ती क्षेत्रका समुदायहरुले काठको जथाभावी प्रयोग गर्नाले निकुञ्जको पर्यावरण र त्यहाँ बसोबास गर्ने जङ्गली जनावरहरुमा प्रतिकुल असर पर्ने भएकोले यसलाई रोक्न मध्यवर्ती क्षेत्रले व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रमहरु समुदाय माझ लिन आवश्यक भएको कुरा प्रस्तुत गरिएको छ ।

मल्ल (१९९८) का अनुसार रारा राष्ट्रिय निकुञ्जको स्थापना पश्चात् मध्यवर्ती क्षेत्र आसपासका समुदायहरुले निकुञ्जको क्षेत्रबाट आफ्नो आवश्यकता अनुसार सोत्तर, स्याउला, काठ र दाउराको उपभोग गर्न बन्देज भएकोले ती क्रियाकलापहरुमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । यो प्रभावलाई न्यूनिकरण गर्न त्यस क्षेत्रका समुदायहरुले आफ्नो खेती योग्य जमिन आसपासको पाखामा विभिन्न किसिमका बोटबिरुवा तथा रुखहरुको वृक्षारोपण गरी निकुञ्जबाट आयात गरिने बोटबिरुवाको नोक्सानीलाई कम गर्नुका अलावा निकुञ्जको वातावरण संरक्षण हुनुका साथै ईन्धन र पूर्वाधार निर्माण जस्ता मानवीय आवश्यकताहरु सहज रुपमा पूरा हुने देखिन्छ ।

## २.२ रारा राष्ट्रिय निकुञ्जको संक्षिप्त इतिहास

प्राचीन समयमा यस क्षेत्रमा दुईवटा गाउँहरु रारा र छाप्रुका करीब ६०० मानिसहरुको बसोबास रहेको थियो । उक्त क्षेत्रको भू-बनोट भिरालो रहेको र त्यहाँका बासिन्दाहरुले आफ्नो जीविकोपार्जनका निम्ति खेतीपाती, पशुपालन, शिकार जस्ता क्रियाकलापहरु गर्ने गर्दथे । समुदायका टाठाबाठा व्यक्तिहरुले राजनैतिक पेशा अँगालेको पाइन्छ । त्यतिबेला त्यहाँका मानिसहरु तागो (नयाँ वर्षमा आइमाइले लगाउने डोरी), साउने संक्रान्ति, दशैं, तिहार, भूँओ, माघे संक्रान्ति, पुर्णिमा जस्ता चाडहरु एक आपसमा हातेमालो गरी सुःख र दुःख साटासाट गर्दै मनाउने गरेको पाइन्छ भने सामाजिक सम्बन्धलाई अझै प्रगाढ बनाउन ब्रतबन्ध तथा विहेमा रमाउने गरेको पाईन्छ । सो समय देखि घना रहेको उक्त क्षेत्रको जङ्गल क्रमशः जनसंख्या वृद्धिको कारण फडानी हुँदै गयो । जङ्गलका जिवजन्तु तथा चराचुरुङ्गीहरुको शिकार गर्ने प्रवृत्ति बढ्दै गयो । अन्नतः सो क्षेत्रको समयमै संरक्षणको रणनीति नअपनाएमा प्राकृतिक संकटको अवस्था देखा पर्ने भएकाले श्री ५ को सरकारले उक्त क्षेत्रमा बसोबास गर्ने समुदायहरुको सुरक्षित स्थानान्तरण गरी त्यस क्षेत्रको प्राकृतिक वातावरणका उपज वन्यजन्तु, पशुपंक्षी, वनस्पति र भू-स्वरुपलाई संरक्षण, व्यवस्थापन र उचित प्रयोग गर्ने सोच बनायो । सन् १९७२ मे मा खाद्य तथा कृषि संगठन र वन्यजन्तु संरक्षण व्यवस्थापनका सल्लाहकार टोली र यी निकाय सँगै काम गर्ने व्यक्तिहरुले यो क्षेत्रको भ्रमण र अवलोकन गरे । ती टोलीहरुको अध्ययनले उक्त क्षेत्रलाई सानो राष्ट्रिय निकुञ्जको स्थापना गर्नु आवश्यकता रहेको प्रतिवेदन निकाल्यो । त्यो प्रतिवेदनलाई उक्त टोलीले श्री ५ को सरकार समक्ष प्रस्तुत गऱ्यो । श्री ५ को सरकारले उक्त प्रतिवेदनको आवश्यक अध्ययन गरी सिद्धान्ततः पारित गऱ्यो र सन् १९७६ मा नेपालको सबैभन्दा सानो र पश्चिमाञ्चलको पहिलो राष्ट्रिय निकुञ्जको रुपमा स्थापना गऱ्यो (Malla, 1997) । रा.रा.नि.को अधिकांश भाग मुगु र केही भाग जुम्ला जिल्लामा पर्दछ । निकुञ्जको स्थापना पश्चात् त्यस क्षेत्रमा बसोबास गर्ने २ वटा गाउँका मानिसहरुलाई श्री ५ को सरकारले बाँके जिल्लाको चिसापानी क्षेत्रमा सन् १९८० मा पुर्नस्थापना गऱ्यो । निकुञ्जको स्थापना पश्चात् त्यस क्षेत्रका केही

जनताहरु प्रभावित भएता पनि त्यस क्षेत्रको जैविक तथा अजैविक वातावरण संरक्षण गर्नुका साथै जिल्ला र समग्र राष्ट्रलाई महत्वपूर्ण योगदान पुऱ्याई रहेको छ ।

## २.३ रा.रा.नि.को स्थापना पश्चात् विस्थापन भएका समुदायहरुको ऐतिहासिक पृष्ठभूमि

वि.सं. २०३२ सालमा श्री ५ को सरकारले यस क्षेत्रलाई नेपालको संरक्षित क्षेत्रमा घोषणा गरे पश्चात् यस निकुञ्जको हुटु आसपासका रारा र छाप्रुमा प्राचीन समयदेखि स्थायी बसोबास गर्दै आएका समुदायहरुको उपर्युक्त पुर्नस्थापनाको स्थिति निम्तियो । उक्त समयमा यस क्षेत्रका करीब ६०० संख्यामा जम्मा १४२ घरधुरी रहेका थिए । त्यस क्षेत्रका सम्पूर्ण मानिसहरुको पुर्नस्थापना श्री ५ को सरकारले वि.सं. २०३७ सालमा नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलको बाँके जिल्लाका चिसापानी गा.वि.स.को चिसापानी, नौवस्ता गा.वि.स.का गाबर र बानीयाबार क्षेत्रमा पूर्ण रुपमा सम्पन्न गरिएको थियो । रा.रा.नि. को करीब ५ वर्षको पूर्नस्थापनाको समयमा त्यस क्षेत्रका मानिसहरुले आफ्नो जन्मथलो मुगु र कर्मथलो बाँके जिल्लामा विभिन्न पक्षमा शास्ती व्यहोर्नु परेको वर्तमानमा चिसापानी गा.वि.स.का बुढापाकाहरुको भनाई रहेको छ । ग्रामीण जनजीवन अन्तर्गत आफ्नै भाषा, रहनसहन, भेषभुषा, कृषि प्रणाली, सामाजिक, सांस्कृति र धार्मिक परम्परा रहेका ती समुदायहरु नयाँ ठाउँ र परिस्थितिमा घुलमिल गर्न शुरुका २ वर्षहरुमा धेरै असहज भएको बताउँछन् (स्थलगत सर्वेक्षण, २०६९) ।

यस निकुञ्जबाट विस्थापित समुदायहरुको उचित संरक्षण गर्न श्री ५ को सरकारले जम्मा १४२ घरधुरीका प्रत्येक घरधुरीमा मुआब्जास्वरुप ४ कट्टा घडेरी र ३० कट्टा बनेडी गरी जम्मा ३४ कट्टा जग्गा वितरण गरेको पाइन्छ (Malla, 1997) । श्री ५ को सरकारको नीति र उद्देश्य अनुसार प्रत्येक घरधुरीलाई समान रुपले जग्गा वितरण गरिएको कुरा यहाँका समुदायका मानिसहरुको भनाइ रहेको छ ($28^{th}$ Warden Seminar, 2012) । राष्ट्रिय निकुञ्जको स्थापना पश्चात् शहरी क्षेत्रमा भएको विस्थापनले वर्तमान समयमा आफ्ना पुर्ख्यौली कृषि प्रणालीलाई आत्मसात गर्दै आफ्नो शिक्षा क्षेत्रमा निकै परिवर्तन भएको कुरा पनि बताउँछन् । श्री ५ को सरकारले

वितरण गरेको जग्गामा विभिन्न तरकारी तथा वाली उब्जाउनुका साथै अन्य अर्थोपार्जनका पेशाहरु जस्तैः चालक, मजदुर, शिक्षक/शिक्षिका र अन्य सरकारी तथा गैर सरकारी संघ/संस्थाहरुमा कार्यरत रहेको पाइन्छ । यस क्षेत्रका मानिसहरुले प्रांचीन समयदेखि चल्दै आएको पुर्ख्यौली धामी नाच, ढाल नाच र विभिन्न चाडपर्वहरुलाई निरन्तरता दिँदै आएको प्रमाण यहाँका विभिन्न क्रियाकलापहरुद्वारा अवलोकन गर्न सकिन्छ ।

## २.४ निकुञ्जको संरक्षणमा प्रभावित क्षेत्रका समुदायले खेलेको भूमिका

कुनै पनि निश्चित भू-भागमा रहेका प्राकृतिक सम्पदाहरुबाट त्यस क्षेत्र वरिपरीका स्थानीय समुदायहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभ लिने भएकोले उक्त सम्पदाहरुको संरक्षणमा पनि ती समुदायहरुकै उल्लेखनीय भूमिका रहन्छ । श्री ५ को सरकारले जब वि.सं. २०३२ सालमा यस क्षेत्रलाई राष्ट्रिय निकुञ्जको सूचीमा सूचीबद्ध गऱ्यो तब यो क्षेत्र स्थानीय समुदायहरुको विनाशबाट क्रमशः जोगियो । तैपनि वन तथा वन्यजन्तु प्रति सरोकार नभएका केही मानिसहरुले अवैध रुपमा काठ तस्करी, शिकार र विभिन्न जडिबुटीहरुको उत्खनन् जस्ता कार्यहरु गरी आफ्नो क्षणिक स्वार्थ पूरा गर्ने गरेको पाईता पनि अधिकांश समुदायहरुले उक्त निकुञ्ज प्रति सकारात्मक व्यवहार र धारणा देखाएको कुरा त्यहाँका शिक्षित व्यक्तिहरुको भनाई रहेको छ ।

निकुञ्जको स्थापना पश्चात् यस क्षेत्रको जैविक तथा अजैविक वस्तुहरुको संरक्षण गर्नको लागि मध्यवर्ती क्षेत्रका समुदायहरुबाट एउटा मध्यवर्ती क्षेत्र संरक्षण समितिको चयन गरिन्छ । उक्त संरक्षण समिति अन्तर्गत मध्यवर्ती क्षेत्रका ९ वटै गा.वि.स. हरुमा मध्यवर्ती क्षेत्र उपभोक्ता उपसमितिहरु रहने कुरा रा.रा.नि. का म.क्षे.सं.स. का अध्यक्ष श्री लाल ब. रावलज्यूको रहेको छ । गठित यी समिति र उपसमितिले रारा राष्ट्रिय निकुञ्जको नियम र मातहतमा रही निकुञ्जसँग सम्बन्धित सम्पूर्ण पक्षहरुको संरक्षण र विकासका कार्यहरु गर्ने गरेको पाइन्छ (Rara National Park and Its Bufferzone Resource Profile, 2006)। यसका साथै यस निकुञ्जका मध्यवर्ती क्षेत्रका गा.वि.स. हरुमा क्रमिक रुपमा निकुञ्ज प्रति बढ्दै आएको चेतनाले

विभिन्न समूहहरु जस्तैः आमा समूह, महिला समूह, यूवा समूह दर्ता गरी गाउँमा निकुञ्ज संरक्षण सम्बन्धी जनचेतना फैलाउने कार्यक्रमहरु समय-समयमा संचालन गर्ने र निकुञ्जको नियम उल्लंघन गरी जथाभावी वन डढेलो लगाउने, घाँस काट्ने, सोत्तर-स्याउँला ल्याउने, बोटबिरुवा फडानी गर्ने, वन्यजन्तु तथा चराचुरुङ्गीहरुको शिकार गर्ने र जडिबुटीहरुको उत्खनन् गर्ने व्यक्तिहरुलाई मानसिक तथा आर्थिक रुपमै कडा कार्वाही गर्ने गरेका छन् । यस निकुञ्जमा हिउँदको समयमा अत्याधिक हिमपात हुने भएकोले उक्त हिमपातबाट अलपत्र अवस्थामा रहेका जंगली जनावरहरुलाई यहाँका स्थानीय समुदायका मानिसहरुले उद्धार गरी निकुञ्जको वन क्षेत्रमा छोड्ने गरेको कुरा यहाँका महिला सामुदायिक विकास तथा वातावरण संरक्षण उपभोक्ता समितिका पदाधिकारीहरुको रहेको छ (श्रेष्ठ, २०६८) ।

स्थानीय समुदायका माथिका क्रियाकलापहरुको फलस्वरुप यस क्षेत्रका सर्वसाधारणहरुमा निकुञ्ज प्रतिको सकारात्मक भावना र चेतना बढ्दै गएको छ भने अर्को तर्फ रा.रा.नि.को प्राकृतिक वातावरण संरक्षण र सन्तुलनमा ठूलो टेवा पुग्दै गएको छ ।

# तेस्रो अध्याय

# अनुसन्धान विधिहरु

## ३.१ अनुसन्धान प्रारुप

यो अध्ययन अनुसन्धान पूर्ण रुपमा अन्वेषणात्मक र वर्णनात्मक संरचनालाई अवलम्बन गर्दै अगाडी बढाइएको छ । जसको माध्यमबाट तथ्याङ्क संकलन गर्दै रा.रा.नि.को ऐतिहासिक पृष्ठभूमि यसले वातावरण संरक्षण र आसपासका समुदायमा पारेको सकारात्मक र नकारात्मक प्रभाव र यसको संरक्षणमा त्यहाँका समुदायले खेलेको भूमिकाका बारेमा विस्तृत वर्णन गर्ने प्रयास गरिनेछ । यसका साथै त्यस आसपासका बसोबास गर्ने जनसमुदायको सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षको स्थलगत अध्ययन गरिनेछ ।

## ३.२ अध्ययन क्षेत्रको छनोट

शोधकर्ताको यो अध्ययन क्षेत्र मध्यपश्चिम नेपालको कर्णाली अञ्चलका ५ वटा जिल्लाहरु अन्तर्गत मुगु जिल्लामा पर्दछ । मुगु जिल्लाका २४ वटा गा.वि.स.हरु मध्ये ६ वटा गा.वि.स. र जुम्ला जिल्लाका ३ वटा गा.वि.स. यस रा.रा.नि. को आसपासमा पर्दछन् । शोधकर्ता पनि मुगु जिल्लाका ६ वटा आसपासका गा.वि.स.हरु मध्ये कार्कीवाडा गा.वि.स.का बासिन्दा हुनाले ती क्षेत्रमा बसोबास गर्ने समुदायहरु र रा.रा.नि. को सम्पूर्ण पक्षको बारेमा परिचित भएकाले उक्त क्षेत्रलाई विशेष अध्ययनको क्षेत्रको रुपमा लिइएको छ । यसका अलवा यसै क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनोट गर्नुका कारणहरु निम्नलिखित रहेका छन् :

(क) समाजशास्त्र विभाग अन्तर्गत रा.रा.नि.ले पारेको प्रभाव सम्बन्धी अहिलेसम्म अध्ययन अनुसन्धान भएको जानकारी नभएकाले

(ख) शोधकर्तालाई भौगोलिक रुपमा पायक पर्ने र यस निकुञ्जले आसपासका जनसमुदायमा पारेको सकारात्मक र नकारात्मक प्रभावहरुको बारेमा थाहा पाउने आकांक्षा भएकाले,

(ग) भौगोलिक रुपमा दुरदराजमा रहेको यस क्षेत्रका व्यक्तिहरुको बारेमा सुक्ष्म अध्ययन गरी अन्य क्षेत्रमा निकुञ्ज आसपासमा रहेका समुदायहरुको जनजीवनसँग केही मात्रामा प्रतिनिधित्व गर्ने भएकोले पनि यो अध्ययन क्षेत्रको औचित्य रहनेछ,

(घ) प्राकृतिक सम्पदाको महत्व र यसको जनसमुदायहरुसँगको सहसम्बन्धको बारेमा अनुसन्धान गरिने भएकोले ।

### ३.३ तथ्याङ्कको प्रकृति एवं स्रोतहरु

प्रस्तुत अध्ययन अनुसन्धानलाई विश्वसनीय र प्रभावकारी बनाउन संख्यात्मक र गुणात्मक प्रकृतिका तथ्याङ्कहरुको प्रयोग गरिएको छ । रा.रा.नि.ले आसपासका समुदायहरुको विभिन्न क्षेत्रमा पारेको प्रभाव सम्वन्धि तथ्याङ्कहरुलाई संख्यात्मक तथ्याङ्कमा र ती समुदायका स्थानीय मानिसहरुको क्रियाकलाप, व्यवहार र भावना संग सम्वन्धित कुराहरुलाई गुणात्मक तथ्याङ्कमा प्रस्तुत गरिएको छ । यसका साथै प्रस्तुत सोधपत्रमा प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्याङ्कहरुको प्रयोग पनि गरिएको छ ।

प्राथमिक स्रोत अन्तर्गत तथ्यहरु निरीक्षण, अवलोकन, अन्तर्वार्ता, साक्षात्कार, प्रश्नावली विधिबाट तथ्यांकहरु संकलन गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत रा.रा.नि. र त्यस क्षेत्रका आसपासका समुदायसँग सम्बन्धित पत्र पत्रिका, पुस्तक,अभिलेख,गा.वि.स., जि.वि.स., मन्त्रालयका प्रतिवेदनका साथै समाजशास्त्र तथा मानवशास्त्रका विद्वान्द्वारा तयार गरिएको सम्बन्धित पुस्तक तथा शोधपत्र इत्यादिको सहायता लिइनेछ । जसले गर्दा त्यस क्षेत्र र त्यहाँ बसोबास गर्ने जनसमुदायको ऐतिहासिक पृष्ठभूमि र रा.रा.नि. को स्थापनाले समुदायमा पारेको प्रभावको अध्ययन गरी प्राथमिक स्रोतबाट लिएका तथ्यांकहरुसँग तुलना गर्न सजिलो भएको छ ।

### ३.४ समग्र र नमुना छनोट

यस रारा राष्ट्रिय निकुञ्जको आसपासमा जुम्ला जिल्लाका ३ वटा गा.वि.स.हरु ब्रुममाडी चौर, कनका सुन्दरी र मालिका बोता रहेका छन् भने मुगु जिल्लाका ६ वटा गा.वि.स.हरु पिना, कार्किवाडा, श्रीनगर, रारा, खमाले र सेरी रहेका छन् । यी गा.वि.स.हरुको जम्मा घरधुरी संख्या ३,९९० र जम्मा जनसंख्या २२,७५४ मध्ये ५० घरधुरीका १२० मानिसहरुमा नमुना छनोट विधिद्वारा कार्कीवाडा गा.वि.स. वडा नं. ५, ६, ७ र ८ मा बसोबास गर्ने ३० घरधुरीमा यो अध्ययन सीमित रहेको छ। जसमा २३ घरधुरी क्षेत्री र ७ घरधुरी कामीका रहेका छन्।

३० घरधुरीभित्र १५ जना महिला र १५ जना पुरुषलाई छनोट गरी तिनीहरु समुदायका बुद्धिजीवी, बुढापाका, जानिफकार र यस रा.रा.नि. का कर्मचारीहरु पर्ने गरी छनौट गरी तथ्यांक संकलनका प्राथमिक स्रोतहरुको प्रयोग गर्दै यो अध्ययन अनुसन्धान गरिएको छ। यो अध्ययनबाट निस्कने परिणामले रा.रा.नि. को आसपासका ९ वटै गा.वि.स.को समकक्षतालाई प्रतिनिधित्व गरेको छ।

### ३.५ तथ्यांक संकलनका विधिहरु

अनुसन्धानलाई सत्यताको नजिक लैजानको लागि तथ्यांकको अति जरुरत पर्दछ। विना तथ्यांकको अनुसन्धान असम्भव छ । अध्ययन अनुसन्धानको असल परिणाम निकाल्नमा अनुसन्धानमा अपनाइएको तथ्यांक संकलन विधिहरुको विवरण अनुसार परिणाम आउने हुन्छ । अध्ययन अनुसन्धानमा तथ्यांक संकलन विधिहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यस अध्ययन अनुसन्धानमा पनि समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनमा प्रयोग गरिने तथ्यांक संकलनका विभिन्न पद्धतिहरुलाई अपनाइएको छ । विशेष गरी यस अध्ययनमा स्थलगत सर्वेक्षण गर्दा निम्न विधिहरु प्रयोग गरिएको छ ।

(क) **अन्तर्वार्ता**

तथ्यांक संकलन विधिहरु मध्ये अन्तर्वार्ता विधि पनि एक महत्वपूर्ण विधि हो । यस अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क एवम् सूचनाहरु संकलनका क्रममा अर्धसंरचित प्रश्नावली बनाई अनुसन्धानकर्ताले स्थलगत रुपमा अध्ययन क्षेत्रका पूव नमुना छनोटमा परेका समुदायका बुद्धिजीवी, बुढापाका, जानिफकार र रा.रा.नि.का कर्मचारीहरुसँग रा.रा.नि.को ऐतिहासिक पृष्ठभूमि र त्यसले मध्यवर्ती क्षेत्रका जनसमुदायका विभिन्न क्षेत्रमा पारेको प्रभावका बारेमा प्रश्नहरु राखी उनीहरुको अन्तर्वार्ताको आधारमा आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । जसले गर्दा यस शोधपत्रमा उल्लेख गरिएका तथ्याङ्कहरुको विश्वसनीयतामाथि उल्लेख्य रुपमा भूमिका निभाएको छ ।

(ख) **अवलोकन**

समाजशास्त्र तथा मानवशास्त्रमा अवलोकन विधिलाई अति महत्वपूर्ण र आवश्यक विधिको रुपमा लिइएको छ । अन्तर्वार्ता र प्रश्नावलीबाट संकलन गर्न सम्भव नहुने तथ्यांकहरु अवलोकनका माध्यमद्वारा संकलन गरिएको छ । यस विधिको प्रयोग अध्ययनकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा गई सहभागी भई गरिने हुँदा रा.रा.नि.को भौगोलिक अवस्था, ऐतिहासिक संरचना र निकुञ्जले समुदायमा पारेको प्रभावसँग सम्बन्धित पक्षको अवलोकन गरिएको छ । यस शोध अध्ययनको क्रममा उक्त क्षेत्रका मानिसहरुको जीवन र दैनिक क्रियाकलापको पनि अवलोकन गरिएको छ । यी प्रत्यक्ष स्रोत अध्ययनको क्रममा देखिएका अवलोकन गरिएको तथ्यांक हुन् भने अन्य तथ्याकहरुमा आफूले देखेका, जानेका र सुनेका कुराहरुलाई पनि तथ्यांकको रुपमा समावेश गरिएको छ ।

### ३.६ तथ्यांकको प्रमाणिकता र विश्वसनीयता

अनुसन्धान कार्यमा प्रयोग गरिने प्रविधि तथा सिद्धान्तहरु समाजशास्त्री तथा मानवशास्त्री सिद्धान्त अन्तर्गत रही गरिएको छ। जसले गर्दा तथ्यांकहरु विश्वसनीय र प्रमाणित हुन सक्दछ। यो अध्ययन प्राय: प्राथमिक स्रोत मै आधारित भएकाले अध्ययन कार्यलाई बढी प्रभावकारी र विश्वसनीय बनाउँदछ। साथै अध्ययनको स्वयम् स्थलगत अध्ययन गर्ने हुँदा पूर्वाग्रह रहित र प्रमाणिक मानी शोधपत्रमा समावेश गरिएको छ।

### ३.७ तथ्यांकको विश्लेषण प्रक्रिया

संकलित तथ्यांकहरुलाई बढी विश्वसनीय र भरपर्दो बनाउनको लागि अध्ययन गर्ने सिलसिलामा संकलन गरिएका तथ्यांकहरुलाई वर्णनात्मक विश्लेषण गर्दै पुनरावृत्ति अनुपात, प्रतिशतलाई सरल सरलीकरणका साधनका रुपमा प्रस्तुत गरिएको छ। संकलित आँकडा र सूचनाहरुलाई तालिकाबद्ध गरी तथ्यांकहरुलाई गुणात्मक र विवरणात्मक ढंगले विश्लेषण गरी प्रस्तुत गरिएको छ।

### ३.८ अध्ययनको सिमा

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै सिमाहरु हुन्छ। विना सिमाको अध्ययन अनुसन्धान अव्यवस्थित र उद्देश्यविहीन हुन्छ। त्यसैले अध्ययन अनुसन्धानलाई निश्चित सिमाभित्र राखेर सोही सिमाभित्र रहेर अध्ययन सीमितता दिई अनुसन्धान गर्नुपर्दछ। अनुसन्धान कार्य भनेकै कुनै पनि निश्चित ठाउँ,निश्चित अवधि र निश्चित उद्देश्य प्राप्त गर्ने कार्य भएको हुनाले यसबाट प्राप्त परिणाम र व्यवस्था पनि त्यही अवस्थामा सामान्यीकरण हुन सक्दछ। त्यसैले गर्दा अध्ययन पद्धति अनुरुप बनाइएको योजना जस्तो प्रकारको हुन्छ परिणाम पनि सोही अनुरुप हुने हुन्छ। त्यसले गर्दा यस अध्ययन अनुसन्धान कार्यको पनि निश्चित सिमा भित्र मात्र यसको परिणाम

र निष्कर्षहरु मान्य हुनेछन् । त्यसकारण यस अध्ययन अनुसन्धानका लागि पनि आफ्नै निम्न सिमाहरु राखिएका छन् :-

(क) यो अध्ययन छोटो समयावधिमा गरिने हुनाले प्राप्त गर्नुपर्ने सबै तथ्यांक र तथ्यहरु मध्ये केही तथ्यांकहरु अधुरा र अपूरा हुन सक्छन् ।

(ख) यो अध्ययन मुगु जिल्लाका विभिन्न गाउँका विभिन्न समुदायहरु मध्ये रारा राष्ट्रिय निकुञ्ज आसपासका गाउँमा मात्र सीमित भएकाले यसबाट निस्कने परिणामले मुगु जिल्लाका अन्य गाउँ र अन्य जिल्लाका राष्ट्रिय निकुञ्जसँग मेल नखान सक्दछ ।

(ग) रारा राष्ट्रिय निकुञ्जबाट प्रत्यक्ष रुपमा प्रभावित ९ वटा गा.वि.स. का ८७९ घरधुरी पूरैलाई नलिई कार्कीवाडा गा.वि.स. वडा नं. ५, ६, ७ र८ का ३० घरधुरीलाई मात्र त्यहाँका विभिन्न जानकार व्यक्तिको माध्यमबाट अध्ययन अनुसन्धान गरी सम्पूर्ण निचोड निकाली त्यसलाई पूर्ण सत्य मानिनेछ ।

# चौथो अध्याय

# अनुसन्धान क्षेत्रको परिचय

## ४.१ मुगु जिल्लाको परिचय

यस शोधपत्रको अध्ययन गर्नको लागि छनोट गरिएको क्षेत्र नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको ५ वटा जिल्लाहरु मध्ये उत्तरी भेगमा पर्ने जिल्ला हो । यस जिल्लाको उत्तरी भेगमा पर्ने मुगु गाउँको नामबाट यस जिल्लाको नाम मुगु रहन गएको भन्ने भनाई पौराणिक किम्बदन्ती अनुसार रहेको छ । ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक तथा पौराणिक किम्बदन्तीहरुले धनी भनेर चिनिने यस जिल्ला यातायातको दृष्टिले ज्यादै दुर्गम र पूर्वाधार विकासको दृष्टिले पनि निकै पछि परेको जिल्ला हो ।

यस जिल्लाको पूर्वमा डोल्पा जिल्ला, पशिचममा बाजुरा जिल्ला, उत्तरमा हुम्ला जिल्ला तथा चिनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा जुम्ला तथा कालिकोट जिल्लाहरु पर्दछन् । यस जिल्ला पूर्वमा चिनको स्वशासित क्षेत्र तिब्बतदेखि पश्चिम दक्षिणमा कर्णाली नदीसम्म फैलिएको छ । यस जिल्लाको फैलावट ८१$^{\circ}$४६'४०" देखि ८२$^{\circ}$४९'५७" पूर्वी देशान्तर र २९$^{\circ}$२३'१५" देखि २९$^{\circ}$५६'३०" उत्तरी अक्षांशसम्म रहेको छ । जिल्लाको दक्षिण पश्चिम भाग करीब १,५०० मीटरदेखि २,००० मीटर उचाईमा शुष्म समशितोष्ण जलवायु पाइन्छ । त्यसैगरी २,००० मीटरदेखि ३,००० मीटर उचाईसम्म आद्र शितोष्ण जलवायु पाईन्छ । ३,००० मीटरदेखि ४,००० मीटरसम्मको उचाइमा शित प्रधान आद्र हावापानी पाइन्छ । त्यस्तै ४,००० मीटरदेखि माथिल्लो भागमा अति शित प्रधान हिमाली जलवायु पाइन्छ । यस जिल्लाको कुल क्षेत्रफल ३,१०३ वर्ग कि.मी. रहेको छ (जिल्ला पार्श्वचित्र, २०६९) । गृष्म याममा यस जिल्लाको अधिकतम तापक्रम ३० डिग्री सेल्सियस र न्यूनतम तापक्रम ९ डिग्री सेल्सियससम्म रहेको पाइन्छ भने हिउँद याममा हिमपातका कारण ज्यादै न्युन

तापक्रम हुने गर्दछ । मौसम तथा जलवायु विज्ञानको तथ्यांक अनुसार हिम रेखा देखि माथिल्लो भागमा तापक्रम प्रायजसो ० डिग्री सेल्सियस भन्दा तल हुने भएकोले सदैव हिउँले ढाकिरहेको हुन्छ ।

यस जिल्लाको दक्षिण पश्चिम भागमा वार्षिक औषत वर्षा ९०३ मिलीमिटर देखि ९६८ मिलीमिटर सम्म रहेको पाइन्छ भने उत्तरी पूर्वी भागमा ४७४ मिलीमिटर सम्म वर्षा भएको पाइन्छ । सबैभन्दा बढी वर्षा श्रावण र भदौ महिना भएको पाइन्छ भने कम वर्षा कार्तिक र मंसिर महिनामा हुन्छ ।

मुगु जिल्लालाई २४ वटा गा.वि.स.हरुमा विभाजन गरिएको छ । यस जिल्ला लाई ९ इलाका र १ निर्वाचन क्षेत्रमा बाँडिएको छ । यस जिल्लाको सदरमुकाम गमगढी श्रीनगर गा.वि.स.मा पर्दछ । यस जिल्लाको सबैभन्दा ठूलो गा.वि.स. डोल्फु गा.वि.स. हो भने सबैभन्दा सानो गा.वि.स. कार्कीवाडा हो । त्यसैगरी यस जिल्लाको सबैभन्दा बढी जनसंख्या भएको गा.वि.स. रोवा (४,४३९) हो भने सबैभन्दा कम जनसंख्या भएको गा.वि.स. डोल्फु (३८५ जना) हो । यस जिल्लाको कुल जनसंख्या ५५,२८९ रहेको छ । यस जिल्लाको जम्मा घरधुरी संख्या ९,६१९ रहेको छ । जसमध्ये पुरुषको जनसंख्या २८,०२५ र महिलाको जनसंख्या २७२६१ रहेको छ । यस जिल्लाको जनघनत्व १७ जना प्रतिवर्ग कि.मी. रहेको छ । जनसंख्या वृद्धिदर २०६८ को जनगणनाअनुसार वार्षिक दर ३.६ रहेको छ ।

यस जिल्लामा १ वटा हवाई मैदान छ । जसको हालसम्म पक्का कालो पत्रे हुन नसक्दा विभिन्न दुर्घटनाका घटनाहरु घटेका छन् । कर्णाली राजमार्ग अन्तर्गत नाग्मदेखि गमगढी सम्मको ९४ कि.मी. सडक खण्डको तत्कालीन प्रंधानमन्त्री डा. बाबुराम भट्टराईद्वारा २०६९ पुस १ गते औपचारिक उद्घाटन भए पनि उक्त खण्डको स्तर कमजोर र सदरमुकाम देखिका विभिन्न रुटहरुको विस्तारको आवश्यकता छ । हाल नाग्मदेखि सदरमुकाम गमगदीसम्म कम लोडका सवारी साधनहरु स्वराज जिप, मोटरसाइकल सञ्चालन भइरहेको छ । यस जिल्लामा फापर, कोदो, धान, मकै, आलु,

गहुँ, जौ आदि मुख्य खाद्य उत्पादनहरु हुन भने अन्य खाद्य उत्पादन तथा फलहरुमा सुन्तला, स्याउ, आरु, चुली, ओखर, बदाम, केरा, अंगुर आदि पर्दछन् र अन्य अखाद्य वनस्पतिहरु बाँस (निगालो), लालीगुराँस, वैस, भोटेपीपल हुन् । धार्मिक स्थलमा कालिका- मालिका मन्दिर, मष्टा, महादेव, छाँयानाथ, ऋणमोक्ष खेण्म मालिक लगायत विभिन्न देवीदेवताका प्रसिद्ध थान -मठमन्दिर तथा लामा जातिका प्रख्यात गुम्बाहरु छन् । यस जिल्लामा नेपाल अधिराज्यको ठूलो ताल रारा, लामो नदी कर्णाली र मुगु कर्णाली, प्रसिद्ध झरना घ्याम्चे, हिमनदी र साना हजारौं खोलानालाहरु छन् । त्यस्तै पाँचऔंले, जटामासी, पदमचाल, सतुवा, चिराईतो, भुल्ते, कुटुकी र यार्सागुम्बा आदि जस्ता बहुमूल्य जडिबुटीहरुका साथै डाँफे, मूनाल, मजुर, कोइली कालिज, ढुकुर, हाँस, सारस जस्ता विभिन्न प्रकारका चराचुरुङ्गीहरु पाइन्छ ।

भू-उपयोगको दृष्टिकोणबाट मुगु जिल्लाको कुल भूभागको करीब ५.२ प्रतिशत भाग मात्र कृषिको लागि उपर्युक्त रहेको छ भने ०.५ प्रतिशत भूभागमा मात्र साधारण सिचाईको सुविधा पुगेको देखिन्छ । जिल्लाका करीब ३० प्रतिशत भूभाग नाङ्गो डाँडा काँडाले ढाकेको छ जुन खेती तथा पशुपालनको लागि अनुपयुक्त छन् । भौतिक पूर्वाधारको विकास ज्यादै न्यून भएको कारणबाट यस जिल्लामा करीब ३३ प्रतिशत जति क्षेत्रफल वनजंगल तथा झाडीले ढाकेको पाइन्छ (जिल्ला पार्श्वचित्र, २०६९) ।

यस जिल्लामा धर्म र सांस्कृतिक जनजीवन तथा रहनसहनको विशेषत महत्व रहेको पाइन्छ । हिन्दु धर्मावलम्बीहरुमा ब्राह्मण, क्षेत्री तथा ठकुरी र बौद्ध धर्मावलम्बीहरुमा लामा तथा तामाङ्गहरुका आ-आफ्नै किसिमका संस्कारहरु प्रचलनमा रहेका छन् । यस जिल्लामा हिन्दु तथा बौद्ध धर्मावलम्बीहरुको बसोबास रहेकाले प्रचलित राष्ट्रिय चाडपर्वहरुको साथै स्थानीय चापर्वहरु पनि मनाउने प्रचलन रहेको पाइन्छ । यस जिल्लाको धर्म, जाति र क्षेत्र अनुसार चम्फा नाच, बाक्ट्या नाच, छुड्के नाच, देउडा खेल, भोटे सेलो, ढाल तरवार नाच, धामी नाच र झोडा नाच जस्ता परम्परागत तथा लोकप्रिंय नाचहरु धुमधामका साथ मनाइने गरेको पाइन्छ ।

## ४.२ रारा राष्ट्रिय निकुञ्जको परिचय

रारा तालको नामबाट सन् १९७५ सालमा त्यस क्षेत्रको प्राकृतिक वातावरणका उपज वन्यजन्तु, पशुपंक्षी, वनस्पति र भू-स्वरुपलाई संरक्षण, व्यवस्थापन र उचित प्रयोग गर्नका लागि रारा राष्ट्रिय निकुञ्जको स्थापना गरिएको हो । रारा राष्ट्रिय निकुञ्ज नेपालको सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज हो । जसको कुल क्षेत्रफल १०६ वर्ग कि.मी. रहेको छ जुन राष्ट्रिय निकुञ्ज नेपाल अधिराज्यका मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलका पाँचवटा जिल्लाहरु मध्ये उत्तरी भेगमा अवस्थित विकट र पिछडिएको जिल्लाको रुपमा चिनिने मुगु जिल्लामा पर्दछ । यस रा.रा. निकुञ्जको निकुञ्ज कार्यालय हुटु हो ।

रारा राष्ट्रिय निकुञ्जभित्र नेपालको सबैभन्दा ठूलो ताल रारा पर्दछ जुन ताल समुद्री सतहबाट २,९७२ मीटरको उचाईमा पर्दछ । यस तालको गहिराई १६७ मीटर, चौडाई ३.२ कि.मी. र लम्बाई ५ कि.मी. रहेको छ । जुन ताललाई स्थानीय भाषामा कचौरा ताल भनिन्छ । यस ताललाई नेपाल सरकारले वि.सं. २०६४ सालमा रामसार क्षेत्रमा घोषणा गरेको पाइन्छ । यस तालको पानी निकासा हुने क्षेत्र निजार खोलातिर हो । उक्त तालमा विभिन्न प्रकारका माछाहरु लगायत अन्य जैविक र अजैविक वस्तुहरु रहेका छन् ।

रारा राष्ट्रिय निकुञ्जमा अधिकांश रुपमा विभिन्न प्रजातिका रुखहरु भोजपत्र, बाँस (निगालो), लालीगुराँस, भोटेपीपपल, वैस, खर्सु, डालेचुक, ढटेलो, ओखर, चुली आरु जस्ता वनस्पतिहरु पाईनुको साथै देश र विदेशमा प्रचलित विभिन्न अमुल्य जडिबुटीहरु जस्तैः पाँचऔले, जटामसी, पदमचाल, सतुवा, चिराईतो, भुल्ने, कुट्की आदि पाइन्छन् । यस राष्ट्रिय निकुञ्ज भित्र नेपालको राष्ट्रिय चरा डाँफेका साथै मूनाल, मजुर, कालिज, कोईली, जुरेली, च्याखुरा, ढुकुर, सारस, हाँस, परेवा जस्ता २९२ जातका चराचुरुङ्गीहरु पाइन्छन् ।

रा.रा. निकुञ्जको आसपासमा रहेका गाउँका समुदाय र यसको Buffer Zone (BZ) का समुदायहरुको धर्म हिन्दु रहेको छ । यस क्षेत्रमा प्रशस्त मात्रामा प्राचीन मठ मन्दिर र अन्य धार्मिक स्थलहरु रहेका छन् । रा.रा.नि. भित्र ठाकुरज्यू, महादेव र मष्टा जस्ता प्रसिद्ध देवी देवताका मन्दिरहरु रहेका छन् ।

### ४.२.१ हावापानी

रारा राष्ट्रिय निकुञ्जको गर्मीयाममा हावापानी एकदम अनुकूल हुन्छ तर हिउँदे याममा धेरै चिसो हुने भएकोले यस रारा राष्ट्रिय निकुञ्जको भ्रमण गर्ने उपर्युक्त समय सेप्टेम्बर देखि नोभेम्बर र अप्रिल देखि मे हो । डिसेम्बर देखि मार्च विचमा पानी जम्ने र १ मिटर भन्दा बढी हिउँ खस्ने भएकोले हिउँदे सिजन रा.रा.नि.को भ्रमणको लागि अनुपर्युक्त समय मानिन्छ ।

### ४.२.२ बोटबिरुवा तथा वनस्पति

रा.रा.नि. मा नेपालको राष्ट्रिय फुल लालीगुराँसका साथै विभिन्न प्रजातिका भोजपत्रले (सल्लाका रुखहरु) भरिएको छ । त्यस्तै रारा काललाई अन्य बोटबिरुवाहरु भोटेपीपल, वैस, खर्सु, डालेचुक, ढटेलो, ओखर, चुली आरुका साथै स-साना बुट्यानहरुले घेरेका छन् ।

रा.रा. निकुञ्ज भित्र गुची च्याऊ (Morchella conica), जटामसी (Nardostachys grandiflora), सतुवा (Paris polyphylla), सुगन्धवाल (Valeriana jatamansi), कुट्की (Picrorhiza scrophulariaeflora), बोजो (Acorus calamus), टिमुर (Zanthaozylum armatum), लउठेसल्ला (taxus buccata), यार्सागुम्बा (Cordiceps sinensis), धुपी (juniperrus spp.), सियवुकथ्रोन (Hyppophae tibetana), चिराईतो (swertia chirata),पाँचऔले (Dactylorhiza hatazirea),अत्तिश (Aconitumheterophyllum), पदमचाल (Rheum australe), पखनवेड (Bergenia ciliate), ओखर (Juglans regia) र झ्याऊ (Permelia spp.) आदि बहुमूल्य

जडिबुटीहरु पाइन्छन् । यी जडिबुटीहरुबाट विभिन्न किसिमका औषधीहरु बनाउन सहायता मिल्दछ ।

### ४.२.३ जिवजन्तु

रारा राष्ट्रिय निकुञ्जमा करीब ५१ जातका विभिन्न जिवजन्तुहरु पाइन्छन् । जहाँ कस्तुरी, मृग, हिमाली कालो भालु, रातो पाण्डा, हिमाली घोरल, स्याल, हिमाली थार, जंगली कुकुर, जंगली बढेल, लंगुर र माछा खाने जन्तुहरु पाइन्छन् ।

### ४.२.४ माछा

रारा राष्ट्रिय निकुञ्जको मध्य भागमा खेलिरहेको रारा तालले यस निकुञ्जको सौन्दर्यतालाई अरु निकुञ्जको तुलनामा विशेष पहिचान दिलाएको छ । रारा तालमा ३ प्रकारका विशेष असला जातिका माछाहरु पाइन्छन् । तिनीहरुमा Schizothorax macropthals, Schizothorax nepalensis र schzothorax varaensis पर्दछन् ।

### ४.२.५ चरा

रारा राष्ट्रिय निकुञ्ज भित्र डाँफे, मूनाल, खर, मजुर, च्याखुरा, कालिज, कोइली, काग, जुरेली, ढुकुर, हाँस, सारस, चिल आदि जस्ता २९२ जातका राष्ट्रिय चरा र अन्य चराहरु पाइन्छन् । यी चराहरु वर्षभरी उक्त निकुञ्ज भित्रै रमाइने र तिनीहरुको व्यवस्थापन त्यही भएको देखिन्छ ।

### ४.२.६ सुविधाहरु

रारा राष्ट्रिय निकुञ्जको कार्यालय हुटुदेखि करीब २५ मिनेटको पैदल यात्रापछि एउटा स्वास्थ्य चौकी रहेको छ । उक्त स्वास्थ्य चौकीमा प्राथमिक उपचार देखि अन्य सामान्य प्रकृतिका चोट पटकहरुको उपचार सुविधा पाईन्छ । स्वदेशी तथा विदेशी पर्यटकहरुको उचित बाँस र गासको लागि निकुञ्ज कार्यालय हुटुदेखि ३० मिनेट

पछिको दुरीमा एउटा सुविधा सम्पन्न रेष्टुरेन्ट, अन्य चिया पसल र स-साना होटेलहरु पनि रहेका छन् ।

रारातालको चारैतिर निकुञ्जको दृष्य अवलोकन गर्नको लागि फराकिलो बाटो बनाइएको छ । ठाउँ-ठाउँमा दृश्य अवलोकनको लागि दृष्य भवन, रारातालमा तैरिनको लागि रवरका आधुनिक डुङ्गाका साथै काठका परम्परागत डुङ्गाहरुको सुविधा रहेको छ ।

### ४.२.७ रारा राष्ट्रिय निकुञ्जमा पुग्ने माध्यम

रारा राष्ट्रिय निकुञ्जको भ्रमण गर्न स्वदेशी तथा विदेशी पर्यटकहरु तीन तरिकाले उक्त ठाउँमा पुग्न सक्नेछन् :

(कं) सुर्खेतबाट करीब एक हप्ता र जुम्लाबाट ३ दिनको पैदल यात्रा

(ख) नेपालगञ्ज र सुर्खेतबाट ३५/४५ मिनेटको हवाई यात्रापछि ताल्चा विमानस्थल २ घण्टाको पैदल यात्रा

(ग) सुर्खेतबाट १ दिनको गाडी यात्रा

### ४.२.८ नियमहरु

यस राष्ट्रिय निकुञ्जको भ्रमण गर्न आउने स्थानीय, जिल्लाभित्रका, स्वदेशी र विदेशी पर्यटकहरुले निकुञ्जभित्र प्रवेश गरेपछि तलका नियमहरु पालना गर्नुपर्ने र नियम उल्लंघन गर्नेलाई कानुन बमोजिमको कारवाही हुनेछ ।

(क) यस निकुञ्जको प्रवेश शुल्क नेपालीलाई लाग्ने छैन भने सार्क राष्ट्रभित्रका पर्यटकहरुको लागि प्रतिव्यक्ति नेपाली रु. १००।- र अन्य विदेशी पर्यटकहरुलाई प्रतिव्यक्ति रु. १०००।- लाग्नेछ । यात्रा गर्नुपूर्व पर्यटकहरुले नेपाल पर्यटन केन्द्र, भृकुटीमण्डप काठमाडौं अन्तर्गत राष्ट्रिय निकुञ्जको टिकट काउन्टरमा पैसा भुक्तानी गर्नुपर्नेछ ।

(ख) अवैध रुपमा जिवजन्तु तथा बोटबिरुवाहरु किन्न पाइने छैन ।

(ग) सूर्य उदाइसकेपछि र सूर्य अस्ताउनुभन्दा अगाडि मात्र पर्यटकहरु निकुञ्जभित्र भ्रमण गर्न सक्नेछन् ।

(घ) पर्यटकहरुले प्रज्वलनशील पदार्थहरु (मट्टितेल, ग्याँस, सलाई, लाईटर) निकुञ्जभित्र लान पाउने छैन ।

(ङ) निकुञ्ज भित्र आगो बाल्न सक्त मनाही छ ।

(च) निकुञ्जको हाताभित्र प्लाष्टिक झोलाहरु र बोतलहरु फाल्न पाइने छैन ।

(छ) निकुञ्जको क्षेत्रभित्र वन्यजन्तु तथा चराचुरुंगीहरुको शिकार खेल्न पाइने छैन ।

### ४.२.९ विशेषता

यो राष्ट्रिय निकुञ्जको सबैभन्दा प्रमुख विशेषता भनेको त्यहाँ अवस्थित राराताल हो । जुनताललाई यस निकुञ्जले चारैतिर घेरेको छ । यो ताल १६७ मीटर गहिरो, ५ कि.मी. लम्बाई, ३ कि.मी. चौडाई र १०.८ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस ताललाई सन् १९७६ मा नेपाल सरकारले रामसार क्षेत्रमा घोषणा गरिसकेको छ । उक्त तालमा ३ प्रकारका विशेष जातका माछाहरु पाइन्छन् । हिउँदे यामको समयमा यस निकुञ्जमा डाँफे, मूनाल, कोइली, कालिज जस्ता मधुर स्वरका धनी चराहरुसँग गीत गुन्गुनाउँदै रमाउन सकिन्छ भने गर्मी याममा यस निकुञ्ज र राराताललाई विभिन्न रंगीन फूलहरुले पूरै भूभागलाई बेहुली जस्तै गरी सिंगार पटार गरेको दृश्य अवलोकन गर्न पाइन्छ । यस रारा राष्ट्रिय निकुञ्जमा समुद्री सतहबाट २,८०० मिटर र ४,०३९ मीटरका डाँडा पाखाहरुको दृश्यावलोकन गर्न पाइन्छ । यस निकुञ्जको सबैभन्दा अग्लो स्थान चुचेमारा जुन ४,०३९ मीटरको उचाईमा रहेको छ र यो रारा तालको दक्षिणी भागमा अवस्थित छ । उत्तरी भागमा अवस्थित रुमा काँध (३७३१ मीटर) र मालिका काँध (३,५४४ मीटर) बाट निकुञ्ज र तालको मनमोहक दृश्य हेर्ने

सकिन्छ भने यस तालको पानी निजार खोलाबाट खतेड भेगतिर कर्णाली नदीकै दिशामा निष्कासन भएको छ ।

यस रारा राष्ट्रिय निकुञ्जको आसपास र मध्यवर्ती क्षेत्रका समुदायहरु अधिकांश हिन्दु धर्मावलम्बीहरु रहेका हुनाले यहाँ विभिन्न देवी देवताका प्रसिद्ध मठ मन्दिरहरु रहेको पाइन्छ । यस क्षेत्रका मानिसहरुको प्रमुख सांस्कृतिक कला देउडा रहेको छ । जुन विभिन्न चाडपर्वहरुमा गाईने गरिन्छ ।

## ४.३ कार्कीवाडा गा.वि.स. को परिचय

कर्णाली अञ्चलको ५ वटा जिल्लाहरु मध्येको मुगु जिल्लामा जम्मा २४ वटा गा.वि.स.हरु रहेका छन् । जसमध्ये कार्कीवाडा गा.वि.स. एक गा.वि.स. हो । यस अध्ययनमा यसै गा.वि.स.लाई नमूना छनोटमा पारिएको छ । यो गा.वि.स. मुगु जिल्लाको सदरमुकाम गमगढी बजारबाट ३ कि.मी. दक्षिणतिर रहेको छ । यस गा.वि.स. को पूर्वमा रोवा गा.वि.स., पश्चिममा रारा राष्ट्रिय निकुञ्ज र रारा गा.वि.स. उत्तरमा श्रीनगर गा.वि.स. र दक्षिणमा पिना गा.वि.स.हरु पर्दछन् । यो गा.वि.स. को कुल क्षेत्रफल १५.५ वर्ग कि.मी. छ र जनघनत्व २१७.२ रहेको छ । समुद्री सतहबाट १,६०० मीटरदेखि २,८०० मीटरको उचाईमा अवस्थित छ । वि.सं. २०६८ को जनगणना अनुसार कार्किवाडा गा.वि.स. को जम्मा जनसंख्या ३,६५४ रहेको छ । जसमा पुरुषको संख्या १,८३४ र महिलाको संख्या १,८२० रहेको छ भने यस गा.वि.स. को जम्मा घरधुरी संख्या ६६२ रहेको छ ।

यस गा.वि.स. मा बस्ने मानिसहरुको मुख्य पेशा कृषि हो । यहाँका मुख्य बालीहरुमा धान, मकै, कोदो, आलु, गहुँ, जौं, फापर, सिमी, भटमास आदि हुन् भने फलफूलहरुमा स्याउ, आँप, चुली, ओखर, केरा, अंगुर, सुन्तला, नासपाती, मेहेल, पुलुम आदि हुन् । पशुपालनतर्फ गाई, भैंसी, भेडा, बाखा, माहुरी, कुखुरा, बंगुर, खच्चड आदि

पर्दछन् । यस गा.वि.स.मा उन्नत जातका भन्दा स्थानीय जातका पशुपंक्षी नै बढी पालेको पाइन्छ ।

मुगु जिल्लाको २४ वटै गा.वि.स.हरु मध्ये शैक्षिक साक्षरता स्तर बढी भएको यस गा.वि.स.मा उच्च मा.वि. र मा.वि. सञ्चालनमा रहेका छैनन् भने १ वटा नि.मा.वि. र २ वटा प्रा.वि. गरी जम्मा ३ वटा सामुदायिक विद्यालयहरु र १ नि.मा.वि. स्तर सम्मको निजी विद्यालय रहेका छन् । वि.सं. २०६८ को तथ्यांक अनुसार यस गा.वि.स.मा एस.एल.सी. १२३ जना, प्रमाण पत्र तह ४६, स्नातक तह २३ र स्नातकोत्तर तह ६ जनाले उत्तीर्ण गरेका छन् भने हाल यी सबैको संख्या वृद्धि भएर आएको पाइने भएकोले यसको एकिन हुन सकेको छैन । यस गा.वि.स. मा प्रहरी चौकी नभएको, उपस्वास्थ्य चौकी १ हुनुका साथै हुलाक, खानेपानी, पानी घट्टा, सञ्चार सुविधा अन्तर्गत मोबाईल, सि.डि.एम.ए. टेलिफोन, इमेल, इन्टरनेट सुविधाहरु संचालनमा रहेका छन् भने १ देखि ९ सम्मका वडाहरुमा विद्युत लाईन जडान भई सञ्चालन भइरहेको छ ।

यस गा.वि.स.को पर्यटकीय स्थलको रुपमा ताल्च विमानस्थललाई लिन सकिन्छ । उक्त स्थानबाट जिल्लामा अवस्थित विभिन्न रमणीय डाँडाकाँडाहरु तथा अन्य प्राकृतिक सम्पदाहरुको अवलोकन गर्न सकिन्छ । यस गा.वि.स.मा १ वटा झोलुङ्गे पुल रहेको छ । जसले रोबा र कार्कीवाडा गा.वि.स.का मानिसहरुलाई आवात जावतमा सहज ल्याएको छ । यस गा.वि.स.का समुदायहरु विशेष गरी महिला नव वर्षको दिन सेतिवाडा मन्दिरमा झोडा नाच खेल्ने चलन रहेको छ । त्यस्तै साउने संक्रान्तिका दिन रारा राष्ट्रिय निकुञ्जको ठाकुरज्यूको मन्दिर आसपासमा र कार्कीवाडा गा.वि.स. वडा नं. १ मा अवस्थित देवलमा गई रमाइलो गर्ने चलन छ ।

## ४.४ रारा राष्ट्रिय निकुञ्जले आसपासका समुदायमा पारेको प्रभाव

यस राष्ट्रिय निकुञ्जले मध्यवर्ती क्षेत्रका रारा, श्रीनगर, कार्कीवाडा, पिना, सेरी, बुम्रमाडी चौर, बोता मालिका र कनका सुन्दरी गरी ९ वटा गा.वि.स.हरुलाई

नकरात्मक र सकारात्मक दुवै रुपले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । ती प्रभावहरुलाई यस शोधपत्रमा निम्नानुसार विवेचना गर्ने प्रयास गरिएको छ -

### ४.४.१ नकारात्मक प्रभाव

यस रा.रा.नि. को स्थापना पश्चात् मध्यवर्ती क्षेत्रका समुदाय र त्यहाँको प्राकृतिक वातावरणमा परेको नकारात्मक असरहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ४.४.१.१ बालीनाली नोक्सान

यस निकुञ्ज आसपासका मध्यवर्ती क्षेत्रका ९ वटा गा.वि.स.का वस्तीहरु प्राय: निकुञ्जको नजिकै रहेका छन् । यहाँका समुदायको मुख्य पेशा कृषि भएकाले तिनीहरुको खेतीपाती गर्ने जग्गा जमिन पनि निकुञ्जको छेउछाउमा पर्दछ । निकुञ्जको नजिक रहेका ती बस्तीहरुमा उचित घेरवार नभएकोले बाघ र भालु जस्ता डरलाग्दा निकुञ्जका जनावरहरु वस्तीहरुमा पसी समुदायका मानिसहरुलाई आक्रान्त बनाउनुका साथै चौपायाहरुको शिकार गरी नोक्सान पुऱ्याउने यहाँका बुढापाकाहरुको भनाइ रहेको छ । रारा राष्ट्रिय निकुञ्जको सिमानाबाट बस्तीहरुमा प्रवेश गर्ने अन्य जनावरहरु विशेष गरी सुंगुर, बंगुर र बाँदरहरुले स्थानीय समुदायका बालीनालीहरु आलु, कोदो, जौं, गहुँ, फापर, भट्टमास, काउनु (तालिका नं. ३....) र फलफूलहरु नोक्सान गरेको पाइन्छ । यसका साथै ती जङ्गली जनावरहरुले स्थानीय समुदायका घर तथा टहराहरु पनि भत्काई नोक्सान पार्ने गरेकाले यस क्षेत्रका केही मानिसहरुको कृषि माथिको उदासिनता र आर्थिक अवस्थालाई कमजोर बनाई दिएको देखिन्छ ।

बेला बेलामा निकुञ्जका जंगली जनावरहरु मध्यवर्ती क्षेत्रका समुदायहरुको जग्गाहरुमा गई विभिन्न बाली नोक्सान गरेकोले उक्त नोक्सानीबाट बच्न स्थानीय समुदायहरुले जंगली जनावरलाई थाप्ने "पासो" बनाउने गरेको प्रमाण २०६८ सालमा पिना गा.वि.स.को कोटिला र पिना गाउँमा गरिएको घर खानतलासीले देखाएको पाइयो । वनजङ्गली जनावरको नोक्सानीबाट बच्न अपनाइएको यस घटनाले निकुञ्ज

आसपासका समुदाय र निकुञ्ज विच द्वन्द्वको स्थिति सृजना भयो । त्यस्तै मध्यवर्ती क्षेत्रकै सेरी गा.वि.स. मा पनि यस्तै प्रकृतिको घटना वि.सं. २०६८ सालमा घटेको पाइन्छ । जसमा रा.रा.नि. को सिमानाबाट बाहिरिएको रतुवाको बच्चा त्यहाँका स्थानीय समुदायका मानिसहरुले मारेको आरोपमा निकुञ्ज र त्यहाँका मानिसहरुको विचमा द्वन्द्वको वातावरण सिर्जित भएको पाइन्छ । निकुञ्ज र त्यहाँका समुदायको यी दुई द्वन्द्वका घटनाहरुको सहमति गर्न त्यस क्षेत्रका मानिस र निकुञ्जका कर्मचारीहरुबीच निकुञ्जको कार्यालयमा तलका निर्णयहरु सहित सहमति भएको रेकर्ड रा.रा.नि.को कार्यालय हुटुका अनुसार रहेको छ :

- वन्य (जन्तु संरक्षण) ऐन २०४८ अनुसार कसुरदारलाई जरिवाना गरिएको ।
- प्रभावित क्षेत्रका जनताहरुलाई निकुञ्जबाट पटक-पटक वन्यजन्तु संरक्षण सम्बन्धी तालिम तथा अभिमुखिकरण गोष्ठीहरु संचालन गरी निकुञ्जबाट जनचेतना अभियान संचालन गरिएको ।
- प्रभावित क्षेत्रका जनताहरुले जंगली जनावरहरुको संरक्षण गर्न उत्प्रेरित गरिएको ।
- चोरी सिकार गर्ने व्यक्तिहरुलाई कानूनले तोकिए बमोजिमको सजाय दिने व्यवस्था निकुञ्ज र स्थानीय जनता बीचमा सहमति भएको ।
- निकुञ्जबाट कृषकहरुको बालीनाली जंगली जनावरबाट यदि क्षति भएमा सो को क्षतिपूर्ति रकम सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने व्यवस्था भएको ।
- निकुञ्ज आसपासका जग्गा जमिनहरुको स्थानीय समुदायहरुबाट राम्ररी घेरवार गरिनु पर्ने सहमति भएको
- कोही कसैले निकुञ्ज भित्र जंगली जनावर, काष्ठ जन्य वस्तुहरुको अवैध रुपमा कार्य गरेमा वन ऐन अनुसार कडा कारवाही दिने व्यवस्था भएको ।

- एक पटक भन्दा बढी माथि उल्लेखित कार्य कसैबाट भएमा कसुर अनुसार कडा कारवाही गर्ने भनी रा.रा.नि. र कसुरदार बीचमा सहमति भएको ।
- जंगली जनावरहरुको संरक्षणमा स्थानीय समुदायहरुको भूमिका बारेमा एक दस्तावेज हस्ताक्षर दुवै पक्षबाट भएको थियो ।

### ४.४.१.२ निकुञ्जको नियम र अप्रसन्नता

निकुञ्जको स्थापना नहुनुपूर्व यस क्षेत्रका मानिसहरु पूर्ण रुपमा नजिकैको प्राकृतिक स्रोतहरु माथि निर्भर थिए । यसले गर्दा ती मानिसहरु नजिकैको वनजंगलमा शिकार खेल्ने, माछा मार्ने, आफूलाई आवश्यकता अनुसार काठ, दाउरा तथा सोत्तर र स्याउला ल्याउने गरेको कुरा यहाँका बुढापाकाहरुबाट बुझिन्छ । आफ्नो आवश्यकता बमोजिम ती प्राकृतिक स्रोतहरुको प्रयोग गर्ने र बढी भएकोलाई नजिकैको सदरमुकाम वा अन्य गा.वि.स. हरुमा लगेर ती वस्तुहरु बेच्दै आफ्नो आर्थिक पक्षलाई मजबुत बनाउने गरेको यहाँका बुढापाकाहरुको भनाइ रहेको छ । तर वि.सं. २०३२ सालमा यस क्षेत्रलाई रा.रा.नि. मा घोषणा गरेपश्चात् यस क्षेत्र आसपासका ९ वटै गा.वि.स.का समुदायको जनजीवनमा माथिका क्रियाकलापहरुमा परिवर्तन आएको छ । निकुञ्जको नीति र नियम विपरित त्यस क्षेत्रमा माछा मार्ने, शिकार गर्ने, काठ, दाउरा तथा सोत्तर स्याउला ल्याउने र घाँसपात काट्ने मानिसहरुलाई निकुञ्जको कार्यालय हुटुमा लगी कडा शारीरिक, मानसिक र आर्थिक सजाय व्यहोर्नुपर्ने भएकोमा मध्यवर्ती क्षेत्रका स्थानीय वासिन्दाहरु यस प्रकारको कडा नियमपति अप्रसन्नता रहेका छन् । तसर्थ निकुञ्जको स्थापनाले यस क्षेत्रका स्थानीय समुदायहरुलाई काठ, दाउरा, सोत्तर तथा स्याउला ल्याउन र पशुपालनका लागि दैनिक आवश्यक पर्ने घाँस पात काट्ने जस्ता क्रियाकलापहरुमा प्रत्यक्ष रुपमा नकारात्मक प्रभाव परेको देखिन्छ ।

### ४.४.१.३ पशु चरन तथा हरण

यस क्षेत्रलाई संरक्षित क्षेत्रमा घोषणा गरे पश्चात् क्रमशः यहाँको वनजङ्गल झन् घना बन्दै गएको देखिन्छ । पशु चरणको लागि रा.रा.नि.ले वर्षायामका ४ वटा

महिनाहरु बैशाख, ज्येष्ठ, असार र श्रावणमा अनुमति दिने गर्दछ । यी महिनाहरुमा मध्यवर्ती क्षेत्रका गा.वि.स.का चौपायाहरु खच्चड, गाई, भैंसी, भेडा, बाख्रा, घोडा आदि यस क्षेत्रमा छोड्ने भएकोले ४ महिनाको लागि पशु चरनमा समस्या नहुने र अन्य ८ महिना भरी निकुञ्ज भित्र पशु चरनलाई प्रतिबन्ध लगाइने हुनाले मुख्य पेशा “पशुपालन” अँगालेका अधिकांश मानिसहरुलाई निकुञ्ज स्थापना हुनाले साह्रै समस्या परेको बताउँछन् । यसका साथसाथै रा.रा.नि.को जङ्गल धेरै घना रहेकोमा त्यहाँ छाडेका केही चौपायाहरु हराउने समस्या पनि रहेको देखिन्छ (तालिका नं. ४) । राष्ट्रिय निकुञ्जको स्थापना पश्चात् मध्यवर्ती क्षेत्रमा पशुचरण क्षेत्रको अभावका कारण यहाँका चौपायहरुलाई घरमा थुनेर राख्नुपर्ने भएकोले चौपायालाई उचित घाँसपातको अप्रयाप्तका कारण तिनीहरुको कम आयुमै मृत्यु हुने गरेको कुरा यहाँका पशुपाल्ने कृषकहरुको रहेको छ । यसका साथै रा.रा.नि.मा पशु हराउने र पशुचरण क्षेत्रको अभावका कारण मध्यवर्ती क्षेत्रका पशुहरुको संख्या र पशु पालन क्षेत्रमा मानिसहरुको संख्या पनि क्रमशः घट्दै आएको भनाई मध्यवर्ती क्षेत्रका मानिसहरुको रहेको छ ।

### ४.४.१.४ मानव तथा पशुक्षति

यस राष्ट्रिय निकुञ्जको विच भागमा रहेको विशाल महेन्द्र ताल वरिपरीको सिमानामा उपर्युक्त घेरवार नभएकै कारणले मानसिक असन्तुलन भएका र तालमा पौडी खेल्न खोज्दा तालमा डुबेर वर्तमान समयसम्म ५ जनाको मृत्यु भइसकेको छ भने यहाँका स्थानीय समुदायहरुका करीब १४५ सम्म घरपालुवा चौपायाहरु यस निकुञ्जको सिमानाभित्र विभिन्न कारणहरु जस्तैः जंगली जनावरको शिकार हुनु, तालमा खस्नु, ठूला-ठूला रुखले च्यापिनु, चट्याङ पर्नु, चरनको सिलसिलामा भिरबाट खस्नु जस्ता क्रियाकलापहरुले मरिसकेको कुरा यहाँका बासिन्दाहरुको राय रहेको छ ( तालिका नं. ५) । त्यसैले मानव तथा पशुमा यत्रो संख्यामा भएको क्षतीले यस आसपासका समुदाहरुमा यस क्षेत्रको स्थापनाले नकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ४.४.१.५ कर्मचारी प्रतिको अवधारणा

यस राष्ट्रिय निकुञ्जको उचित संरक्षण गर्न यस क्षेत्रमा १ वटा सैनिक गुल्म, १ वटा निकुञ्जको कार्यालय र ८ वटा गार्ड पोष्टहरु रहेका छन् । यी ३ वटा निकायमा काम गर्ने अधिकांश कर्मचारीहरुले आफ्नो कर्तव्य र भूमिकालाई आत्मसात गर्दै यस क्षेत्रको संरक्षणमा आफ्नो ज्यान सुम्पेका छन् भने केही व्यक्तिहरुले नजिकका वस्तीहरुमा गई समुदायका मानिसहरुसँग जाँड, रक्सी सेवन गरी झैं-झगडा गर्ने, नराम्रो बोली बोल्ने (अश्लील शब्द) र महिलामाथि नराम्रो व्यवहार गर्ने गरेको हुनाले यहाँका केही मानिसहरुको कर्मचारी प्रतिको धारणा नकारात्मक रहेको छ भने निकुञ्जका कर्मचारीबाट प्रदर्शन गरिएको यस्तो क्रियाकपलापले समुदायमा नकारात्मक असर परेको देखिन्छ ।

### ४.४.१.६ भू-क्षय

रा.रा.नि. को मध्यभागमा जलको भण्डार रहेको छ । त्यो हो राराताल । यो ताल समुद्री सतहबाट २,९९० मीटर उचाईमा रहेको छ । राराताल अधिकांश मध्यवर्ती क्षेत्रका गा.वि.स. हरुको सिरानीमा रहेकोले तालबाट निष्काशन हुने पानी र तालबाट मूल फुटेर निस्कने पानीका स्रोतहरुबाट मध्यवर्ती क्षेत्रका गा.वि.स. हरु मध्ये कार्कीवाडा, रारा, पिना, सेरी र खमालेमा भू-क्षयको अवस्था सिर्जना गराई त्यस क्षेत्रको खेतीयोग्य जमिनलाई क्षति गराएकोले यस निकुञ्ज र तालले स्थानीय समुदायको भू-उपयोगमा नकारात्मक असर पारेको छ । यी विभिन्न गा.वि.स.हरु मध्ये नमूना छनौटमा परेको कार्कीवाडा गा.वि.स. को भू-क्षय अवस्थालाई (तालिका नं. ६) यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

### ४.४.१.७ रारा र छाप्रु गाउँको बस्ती विस्थापन

रा.रा.नि. स्थापना हुनुपूर्व यस निकुञ्जको कार्यालय हुटु आसपासका क्षेत्रमा २ वटा गाउँहरु रारा र छाप्रु गाउँ रहेका थिए । त्यतिबेला यी गाउँमा बसोबास गर्ने समुदायहरुको आफ्नै सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक

परिवेश थिए । श्री ५ को सरकारले यस क्षेत्रलाई संरक्षण क्षेत्रमा घोषणा गर्ने उद्देश्यको फलस्वरुप यी दुई गाउँका सम्पूर्ण मानिसहरुलाई बाँके जिल्लाको चिसापानी गा.वि.स.मा विस्थापन गरियो । जसले गर्दा ती दुई गाउँमा बसोबास गर्ने समुदायहरुको सम्पूर्ण पक्षमा यस निकुञ्जको स्थापनाले नकारात्मक प्रभाव पारेको कुरा विस्थापन भएका जानकार व्यक्तिहरुको भनाइ रहेको छ । यो प्रयिक्रयामा विशेष गरी दलित जातका मानिसहरुको आर्थिक अवस्था न्यून भएकोले तिनीहरु अझ बढी नकारात्मक प्रभावबाट लाभान्वित भएको देखिन्छ ।

### ४.४.२ सकारात्मक प्रभाव

यस रा.रा.नि.को स्थापना पश्चात् त्यस क्षेत्रका स्थानीय जनताहरु र प्राकृतिक वातावरणमा परेका सकारात्मक प्रभावहरुलाई क्रमशः यस प्रकार उल्लेख गरिएको छ ।

### ४.४.२.१ आर्थिक वृद्धि

परम्परागत कृषि प्रणालीमा आधारित रही आफ्नो जिवन निर्वाह गर्दै आएका र आर्थिक स्तर एकदम कमजोर भएका यस क्षेत्रमा समुदायहरुले निकुञ्जको स्थापना भएपछि तलका क्षेत्रहरुबाट आफ्नो आर्थिक स्तरलाई बृद्धि गरेको पाइन्छ ।

#### (क) पर्यटक

प्राकृतिक स्रोत र सम्पदाहरुको धनी रहेको मुगु जिल्लामा नेपाल अधिराज्यको सबैभन्दा ठूलो ताल “महेन्द्र ताल” र नेपाल अधिराज्यकै साँघुरो तर सुन्दर राष्ट्रिय निकुञ्ज “रारा राष्ट्रिय निकुञ्ज” पर्दछन् । विशेष विशेषता बोकेका यी दुई क्षेत्रका मनमोहक दृश्यहरुको अवलोकन गर्न नेपाल भित्र र बाहिरका स्वदेशी तथा विदेशी पर्यटकहरु वर्षेनी रुपमा विभिन्न संख्यामा (तालिका नं. ८) यस जिल्लामा आउने गर्दछन् । जसले गर्दा रा.रा.नि. र यस आसपास स्थापना गरिएका स-साना चिया पसलदेखि ठूला होटेलमा ती पर्यटकहरु बास बस्दा, तिनीहरुलाई यस ठाउँको पहिचान गराउने मार्गदर्शकको रुपमा काम गर्दा र उनीहरुको सर-सामानको ढुवानी गरे वापत यस क्षेत्रका स्थानीय समुदायले आफ्नो दैनिक आम्दानीमा वृद्धि गर्नुका साथै

रोजगारमा सकारात्मक प्रभाव पारेको राय रहेको छ । समय-समयमा पर्यटकहरुबाट आम्दानी हुने मोटो रकमले आफ्नो आर्थिक अवस्थाका साथै मुगु जिल्लाकै मासिक आम्दानीमा सकारात्मक प्रभाव परेको यस क्षेत्रमा होटल सञ्चालन गरिरहेका मानिसहरुको भनाई रहेको छ । यस जिल्लामा पर्यटकहरु भित्रिँदा र बाहिरिँदा ताल्च बिमान स्थलको सहायता लिनुपर्ने भएकोले कार्कीवाडा गा.वि.स. वडा नं. ५ का समुदायहरु पर्यटन व्यवसायबाट प्रत्यक्ष लाभान्वित भएका छन् ।

**(ख) पेशामा परिवर्तन**

रा.रा.नि. आसपासका स्थानीय समुदायहरु यस निकुञ्जको स्थापना हुनुपूर्व परम्परादेखि चल्दै आएको कृषि प्रणालीलाई आफ्नो मुख्य पेशाको रुपमा अँगाल्दै आएको पाइन्छ । त्यो समयमा बाह्रै महिना काममा व्यस्त भई शारीरिक रुपमा धेरै मेहनत गरे पनि त्यसले वर्षभरी खाना लगाउन धौ-धौ भएको कुरा यहाँका बुढापाकाहरुको रहेको छ । वि.सं. २०३२ सालमा यस रा.रा.नि.को स्थापना भएपछि यहाँका समुदायका मानिसहरु व्यापार, होटल व्यवसाय, पशुपालन, तरकारी खेती, फलफुल खेती, पर्यटन व्यवसाय जस्ता पेशामा करीब १५० को संख्यामा सामेल भएको देखिन्छ । यसले त्यहाँका समुदायका मानिसहरुको पेशामा परिवर्तन ल्याउनका साथै माथि उल्लेखित आधुनिक कृषि प्रणालीले तिनीहरुको व्यक्तिगत आर्थिक पक्षलाई बलियो बनाएको पाइन्छ । अतः यस क्षेत्रका कृषकहरुले आफ्नो खेतबारीमा आधुनिक खेती गरी ती उत्पादित वस्तुहरुको बेचबिखनका लागि यस निकुञ्जमा लिई समयमै बेचबिखन हुने भएकाले रा.रा.नि.को स्थापनाले यस आसपासका समुदायहरुमा सकारात्मक प्रभाव पारेको छ । ती उत्पादित वस्तुहरुमा तरकारीहरु जस्तैः फुल काउली, बन्दा काउली, आलु, गोलभेडा, साग, मुला, गाँजर आदि पर्दछन् भने फलफुलहरुमा स्याउ, दाँते ओखर, पुलुम, आरु, चुली र उन्नत बालीहरुमा सिमी, कोदो, धान, मकै आदिका साथसाथै पशुपंक्षीहरुमा भेडा, बाख्रा, गाई, भैंसी, खरायो, कुखुरा आदि पर्दछन् ।

### ४.२.२.२ वातावरण संरक्षण

रा.रा.नि. को स्थापनाले त्यस क्षेत्रमा भएका निम्नलिखित जैविक तथा अजैविक प्राकृतिक सम्पदाहरुको संरक्षणमा सकारात्मक प्रभाव परेको देखिन्छ ।

**(क) लोपोन्मुख वन्यजन्तुको संरक्षण**

यस रा.रा.नि.को स्थापना हुनुभन्दा अघिल्ला वर्षहरुमा रारा र छाप्रु गाउँका स्थानीय समुदायहरु र अन्य गाउँका समुदायहरु आफ्नो जीवन निर्वाह गर्नको लागि पूर्ण रुपमा निकुञ्ज माथि आधारित हुनुपर्थ्यो । जसको परिणाम स्वरुप त्यस क्षेत्रका बोटबिरुवाको तिब्र कटानी, वन्यजन्तुहरुको मनपरी शिकार जस्ता क्रियाकलापहरुले कतिपय जंगली जनावरहरु हताहत हुनुका साथै तिनीहरुको बासस्थान पनि ध्वस्त पारिएको राय यहाँका बुढापाकाहरुको रहेको छ । तर यसको विपरित राष्ट्रिय निकुञ्जको स्थापना भएपछि यस क्षेत्रमा लोपोन्मुख अवस्थामा रहेका मृग, हिमाली, कालोभालु, चितुवा, घोरल, बदेल, रातोपाण्डा, जंगली कुकुर आदिलाई सुरक्षित वासस्थानको वातावरण सिर्जना गर्दै तिनीहरुको संरक्षणमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

**(ख) बहुमुल्य जडिबुटीहरुको संरक्षण**

यस निकुञ्जको सिमाना भित्र पदमचाल, अत्तिश, चिराईतो, पाँच औले, धुपी, भ्याउ, सियबुकथ्रोन, यार्सागुम्बा, टिमुर, लउठे सल्ला, बोजो, कुट्की, गुची च्याउ, जटामसी, सतुवा,सुगन्धवाल आदि जस्ता बहुमुल्य र विभिन्न औषधी निर्माणका लागि प्रयोग गरिने जडीबुटीहरु रहेका छन् ।

यदि २०३२ सालमा यस निकुञ्जको स्थापना नभएको भए पछिल्ला वर्षहरुमा जनतामा आएको जडिबुटीप्रतिको मोहका कारण त्यस क्षेत्रका सम्पूर्ण जडिबुटीहरु हालसम्म उत्खनन् भई सक्थे होला तर त्यस निकुञ्जका उल्लेखित बहुमुल्य जडिबुटीहरुको समयमै संरक्षण गर्न श्री ५ को सरकारले उचित कदम चालेकोले ती

जडिबुटीहरु वर्तमानमा पनि संरक्षित भएकोले यस पक्षमा रा.रा.नि.को स्थापनाले सकारात्मक प्रभाव पारेको छ ।

### (ग) चराचुरुङ्गीहरुको संरक्षण

यस राष्ट्रिय निकुञ्जको सिमाना भित्र कुनै पनि व्यक्तिलाई शिकार गर्न तथा चराचुरुङ्गीहरु मार्न अनुमति नभएको र कोही कसैले लुकिछिपी शिकार गरेको सुराकी पाईएमा कडा भन्दा कडा कारवाही गरिने भएकोले यस निकुञ्ज भित्र नेपालको राष्ट्रिय चरा डाँफे लगायत मूनाल, मजुर, च्याखुरा, कोइली, कालिज, ढुकुर, जुरेली, सारस, चिल, काग, हाँस आदि जस्ता २९२ जातका चराचुरुङ्गीहरुको संरक्षणमा यस निकुञ्जको स्थापनाले सकारात्मक प्रभाव पारेको छ ।

### (घ) तालको संरक्षण

यस राष्ट्रिय निकुञ्जको मध्यभागमा अवस्थित रारा तालमा निकुञ्जको नियम अनुसार फोहोर गर्न, फाल्न र माछा मार्न स्थानीय, स्वदेशी र विदेशी पर्यटकहरुलाई प्रतिबन्ध लगाईको कारण यस तालको पानी सफा र स्वच्छ हुनुका साथै यस तालमा ३ थरी माछाका अनगिन्ती प्रजातीहरु लगायत ताल भित्रको सम्पूर्ण पारिस्थिति प्रणालीलाई सन्तुलनमा राख्न यस रा.रा.नि. ले सकारात्मक प्रभाव पारेको भनाई यस निकुञ्जका कर्मचारीहरुको रहेको छ ।

### ४.४.२.३ शैक्षिक प्रभाव

मध्यवर्ती क्षेत्रका ९ वटै गा.वि.स. लगायत मुगु, जुम्ला र अन्य जिल्लाका प्रा.वि., नि.मा.वि., मा.वि. र उच्च मा.वि.का शिक्षक/शिक्षिका र छात्र/छात्राहरु वार्षिक र अर्धवार्षिक रुपमा यस निकुञ्जमा शैक्षिक भ्रमण गर्न आउने गर्दछन् । यो प्रक्रियाबाट उनीहरुले नेपालको सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज र नेपालको सबैभन्दा ठूलो तालको प्रत्यक्ष अवलोकनबाट शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव परेको कुरा त्यहाँका शिक्षित व्यक्तिहरुको भनाई रहेको छ । यस क्षेत्रको प्राकृतिक सौन्दर्यताले

स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुलाई पनि शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ४.४.२.४ धार्मिक प्रभाव


रा.रा.नि. आसपासका समुदायहरु धार्मिक पक्षमा विश्वास गर्ने भएकोले यस पक्षमाथि विशेष चासो देखाएको पाइयो । जसको प्रमाण स्वरुप त्यस क्षेत्रलाई निकुञ्जको घोषणा गरे पश्चात् पनि उक्त क्षेत्रका ठाउँ-ठाउँमा विभिन्न देवी देवताका मठ मन्दिरहरु र ठाउँ-ठाउँमा देवी देवतालाई चढाईएका धजा (रातो र सेतो रङ्गको मसिनो कपडा) हरुको अवलोकनले देखाएको छ । यस निकुञ्जभित्र प्रसिद्ध महादेव र ठाकुरनाथका मन्दिर निर्माण गरिएका छन् । जुन रारातालको पूर्व दक्षिण दिशातिर अवस्थित छ । यस मन्दिरमा प्रत्येक वर्षको साउन १ गते साउने संक्रान्ति मेला लाग्दछ । उक्त मेलामा भगवान् ठाकुर ज्यू र महादेवको पुजा पाठ गर्न जुम्ला र मुगु जिल्लाका हजारौं मानिसहरु त्यस क्षेत्रमा जम्मा भई आफ्नै स्थानीय पहिरनमा स्थानीय देउडा गीत सँगै एक तर्फ पुरुष र अर्कोतर्फ महिलाको टोलीमा रमाईलो गर्दछन् । यस पर्वमा पूर्व विस्थापित रारा र छाप्रु वासी मानिसहरु पनि बाँके बाट यस क्षेत्रमा आउने गर्दछन् । जसको मुख्य आशय परम्परा देखि मनाउँदै आएको यहाँको धार्मिक प्रथालाई संरक्षण गर्दै विभिन्न समुदायका बिच गहिरो सम्बन्ध गाँस्नु हो । यसरी रा.रा.नि. भित्र अवस्थित महादेव र ठाकुर ज्यूले विभिन्न समुदायका मानिसहरु बिचको सहसम्बन्धलाई दरिलो र कसिलो बनाएकाले धार्मिक रुपमा यस निकुञ्जको स्थापनाले सकारात्मक प्रभाव पार्दै आएको भनाई रहेको छ ।

# पाँचौ अध्याय

# रारा राष्ट्रिय निकुञ्ज र जनजीवन

कुनै पनि विषयमा गर्न थालिएको अध्ययन अनुसन्धानलाई विश्वसनीय, वैद र वैज्ञानिक बनाउनको लागि तथ्यांकको महत्वपूर्ण भूमिका हुन्छ । यसै उद्देश्य अनुरुप शोधकर्ताले अध्ययन गरिएको क्षेत्रबाटै प्राथमिक तथ्यांकहरु र अन्य द्वितीय तथ्याङ्कहरु विभिन्न पत्र-पत्रिका, बुलेटिन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बुलेटिनहरु आदिबाट समेट्ने कोशिस गरिएको छ र संकलित तथ्यांकहरुको आवश्यक विश्लेषण गर्न विभिन्न समाजशास्त्रीय तथा मानवशास्त्रीय विधिहरु जस्तै आवृत्ति वितरण, स्तम्भचित्र वा ग्राफ, प्रतिशत आदिद्वारा तथ्यांकको वर्गीकरण, तालिकीकरण र विभिन्न चित्रद्वारा प्रस्तुतीकरण गरिएको छ ।

## ५.१ रारा राष्ट्रिय निकुञ्ज र यसका मध्यवर्ती क्षेत्रहरुको नक्शा




(स्रोतः DNPWC, २०६८ ।)

## ५.२ मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुको पार्श्वचित्र

**तालिका नं. १**

**मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुको पार्श्वचित्र**

| क्र.सं. | गा.वि.स.को नाम | घरधुरी संख्या | जनसंख्या | | | जनसंख्या घनत्व प्रतिवर्ग कि.मी. |
|---|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला | |
| १ | रारा | २४२ | १५९९ | ७२२ | ८७७ | १२.५ |
| २ | श्रीनगर | ७७२ | ३९०६ | २०१७ | १८८९ | १७३.० |
| ३ | कार्कीवाडा | ६६२ | ३६५४ | १८३४ | १८२० | २१७.२ |
| ४ | पिना | ६७२ | ३८४७ | १९७० | १८७७ | ३८.४ |
| ५ | सेरी | ३८४ | २३०७ | ११९४ | १११३ | ३६.१ |
| ६ | खमाले | २९२ | १७८५ | ९०८ | ८७७ | ५०.४ |
| ७ | बुम्रमाडी चौर | २१४ | ११७७ | ६०६ | ५७१ | १३.० |
| ८ | वोता मालिका | २६६ | १६९१ | ८५६ | ८३५ | १५.०५ |
| ९ | कनका सुन्दरी | ४८६ | २९८८ | १४८० | १५०८ | ३७.० |
| | जम्मा | ३९९० | २२९५४ | ११५८७ | ११३६७ | ५९२.६५ |


(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८ ।)

तालिका नं. १ अनुसार रा.रा.नि.का. ९ वटा म.क्षे. मध्ये सबैभन्दा बढी घरधुरी संख्या रहेको गा.वि.स. श्रीनगर (मुगु) र सबैभन्दा कम घरधुरी संख्या रहेको गा.वि.स. बुम्रमाडी चौर (जुम्ला) हुन् । यी दुई गा.वि.स. को जनसंख्या क्रमशः ३९०६ र ११७७ रहेको छ । यी गा.वि.स.हरुमा महिलाको भन्दा पुरुषको जनसंख्या बढी रहेको पाइन्छ । सबैभन्दा बढी जनघनत्व रहेको गा.वि.स. कार्कीवाडा २१७.२ प्रति वर्ग कि.मी. र सबैभन्दा कम जनघनत्व रहेको गा.वि.स. रारा १२.५ प्रति वर्ग कि.मी. रहेका छन् ।

## ५.३ मुगु जिल्लाको कुल क्षेत्रफल मध्ये रा.रा.नि.का मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुले ओगटेको क्षेत्रफल

**चित्र नं. १**

**मुगु जिल्लाको कुल क्षेत्रफल मध्ये रा.रा.नि.का मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुले ओगटेको क्षेत्रफल**




(स्रोतः DNPWC, २०६८ ।)

चित्र नं. १ अनुसार रा.रा.नि.का म.क्षे.का. ९ वटा गा.वि.स. हरु मध्ये सबैभन्दा बढी क्षेत्रफल रारा गा.वि.स. (६४.४५ वर्ग कि.मी.) र सबैभन्दा कम क्षेत्रफल खमाले गा.वि.स. (११.१५ वर्ग कि.मी.) ओगटेका छन् ।

## ५.४ रा.रा.नि.का मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुको भू-उपयोग वर्गीकरण

### तालिका नं. २

### रा.रा.नि.का मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुको भू-उपयोग वर्गीकरण

| क्र.सं. | गा.वि.स.को नाम | जमीनको क्षे.फ. (वर्ग कि.मी.) | खेतीयोग्य मैदान (वर्ग कि.मी.) | वन क्षेत्र ( वर्ग कि.मी.) | घाँसे मैदान (वर्ग कि.मी.) | झाडी मैदान (वर्ग कि.मी.) | अन्य मैदान (वर्ग कि.मी.) | जम्मा जनसंख्या | जम्मा घरधुरी | खेतीयोग्य जमिनको अनुपात (प्रतिव्यक्ति वर्ग .कि.मी.) | वन मैदान अनुपात (प्रति घरधुरी वर्ग कि.मी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रारा | ६४.४६ | ४.६१ | ४२.४५ | १०.२८ | ६.८० | ०.३२ | १५९९ | २४२ | ०.०२२ | ०.२०२ | |
| २ | श्रीनगर | १७.६१ | ३.०१ | १२.४४ | १.२९ | ०.७९ | ०.०८ | ३९०६ | ७७२ | ०.००८ | ०.०३५ | |
| ३ | कार्कीवाडा | ११.३१ | ६.३५ | ३.९६ | ०.४३ | ०.५६ | ०.० | ३६५४ | ६६२ | ०.०१४ | ०.००८ | |
| ४ | पिना | १६.६८ | ५.२४ | ८.६२ | १.४४ | १.३८१ | ०.०० | ३८४७ | ६७२ | ०.०१४ | ०.०२४ | |
| ५ | सेरी | १२.६६ | ०.९० | ७.१९ | ४.११ | ०.४२ | ०.०४ | ११७७ | २१४ | ०.०२३ | ०.१८० | |
| ६ | खमाले | २२.०७ | ५.५३ | ७.७३ | ७.५१ | १.१० | ०.२१ | १६९१ | २६६ | ०.०३१ | ०.०४३ | |
| ७ | बुम्रमाडी चौर | १६.०९ | ४.५८ | ६.२९ | ४.६१ | ०.५९ | ०.०२ | २९८८ | ४८६ | ०.०३१ | ०.०४६ | |
| ८ | वोता मालिका | ११.१५ | १.०२ | ७.८७ | १.८८ | ०.३५ | ०.०३ | १७८५ | २९२ | ०.०४४ | ०.३४२ | |
| ९ | कनका सुन्दरी | २५.७४ | ३.३८ | १५.८२ | ४.०८ | २.२२ | ०.२४ | २३०७ | ३८४ | ०.०३१ | ०.१४५ | |
| | जम्मा | १९७.७७ | ३४.६२ | ११२.३७ | ३५.६३ | १४.२१ | ०.९४ | २२९५४ | ३९९० | ०.२१८ | १.०२५ | |

(स्रोतः रा.रा.नि. र यसका मध्यमी क्षेत्र स्रोत पार्श्वचित्र, २००६)

माथिको तालिका अनुसार यस रा.रा. नि.का. मध्यवर्ती क्षेत्रहरुको जम्मा १९७.७६ वर्ग कि.मी. क्षे.फ. मध्ये सबैभन्दा बढी रारा गा.वि.स. ले ६४.४६ वर्ग कि.मी. र सबैभन्दा कम खमाले गा.वि.स. ले ११.१५ वर्ग कि.मी. क्षे.फ. ओगटेका छन् । कूल ३४.६२ वर्ग कि.मी. कृषियोग्य जमिन मध्ये सबैभन्दा खेतीयोग्य जमिन कार्कीवाडा गा.वि.स. ६.३५ वर्ग कि.मी. र सबैभन्दा कम सेरी गा.वि.स. ०.९० वर्ग कि.मी. रहेको छ । त्यस्तै, कुल ११२.३७ वर्ग कि.मी. वन क्षेत्र मध्ये सबैभन्दा बढी वन क्षेत्र ४२.४५ वर्ग कि.मी. रारा गा.वि.स. र कम ३.९६ वर्ग कि.मी. कार्कीवाडा गा.वि.स.मा रहेको छ । जम्मा ३५.६३ वर्ग कि.मी. घाँसे मैदान मध्ये सबैभन्दा बढी १०.२८ वर्ग कि.मी. घाँसे मैदान रारा गा.वि.स. र सबैभन्दा कम ०.४३ वर्ग कि.मी. कार्कीवाडा गा.वि.स. मा रहेको छ । कुल १४.२१ वर्ग कि.मी. झाडी मैदान मध्ये रारा गा.वि.स. ले सबैभन्दा बढी ६.८० वर्ग कि.मी. र कम बोतामालिका गा.वि.स. ०.३५ वर्ग कि.मी. झाडी क्षेत्रले ओगटेको पाइन्छ । प्रतिव्यक्ति खेतीयोग्य मैदानको अनुपात सबैभन्दा बढी ०.४४ वर्ग कि.मी. बोतामालिका गा.वि.स. र सबैभन्दा कम ०.०१४ वर्ग कि.मी. कार्कीवाडा र पिना गा.वि.स.मा पाइयो भने प्रति घरधुरी वन मैदानको अनुपात ०.३४२ वर्ग कि.मी. बोतामालिका गा.वि.स.मा सबैभन्दा बढी ०.००८ वर्ग कि.मी. कार्कीवाडा गा.वि.स. मा सबैभन्दा कम रहेको छ ।

## ५.५ मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुमा निकुञ्जका जंगली जनावरहरुले बालीमा पुऱ्याएको नोक्सान विवरण

**तालिका नं. ३**

**मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुमा निकुञ्जका जंगली जनावरहरुले बालीमा पुऱ्याएको नोक्सान विवरण**

| सि.नं. | गा.वि.स.को नाम | जम्मा घरधुरी संख्या | नोक्सान पुऱ्याएको घरधुरी संख्या | नोक्सान पुऱ्याएको बालीको नाम | नोक्सान पुऱ्याएको बाली (क्विन्टलमा) | नोक्सान गर्ने जनावरहरु | नोक्सान गर्ने महिना |
|---|---|---|---|---|---|---|---|
| १ | रारा | २४२ | २१९ | आलु, फापर, कोदो, जौ, गहुँ | २४५ | बाघ, भालु, बाँदर, बनेल | १२ |
| २ | श्रीनगर | ७७२ | ५३५ | " | ७६८ | " | " |
| ३ | कार्कीवाडा | ६६२ | ३९६ | " | ३६२ | " | " |
| ४ | पिना | ६७२ | ६१३ | " | ७८४ | " | " |
| ५ | बुग्रमाडी चौर | ४८६ | ४८६ | " | ४९१ | " | " |
| ६ | बोता मालिका | २९२ | २०३ | " | २४५ | " | " |
| ७ | कनका सुन्दरी | ३८४ | २८७ | " | २१३ | " | " |
| ८ | खमाले | २६६ | २६६ | " | ८६ | " | " |
| ९ | सेरी | २१४ | १३० | " | १४५ | " | " |
| | जम्मा | ३९९० | ३१३५ | | ३३३९ | | |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९) ।

तालिका नं. ३ अनुसार रा.रा.नि. अन्तर्गत मध्यवर्ती क्षेत्रका ९ वटै गा.वि.स. हरुमा जंगली जनावरहरुले बाह्रै महिना स्थानीय समुदायहरुलाई सताउने गरेको पाइन्छ । निकुञ्जको बाहिरी सिमाना नजिकै रहेका मध्यवर्ती क्षेत्रका वस्तीहरुमा आवश्यक हेर्दा नभएकोले जंगली जनावरहरु मनपरी वस्तीहरुमा प्रवेश गरी क्षति पुऱ्याएको पाइन्छ जसमा बुम्रमाडी चौर र खमाले गा.वि.स. का सबै घर धुरीमा निकुञ्जका जंगली जनावरहरुले बाली नोक्सान गराएको देखिन्छ । ती जनावरहरुले सबैभन्दा बढी पिना गा.वि.स. ७८४ क्विन्टल र कम खमाले गा.वि.स. मा ८६ क्विन्टल बाली नोक्सान

गरेको पाइन्छ । यो तथ्याङ्क वि.सं. २०६० देखि वि.सं. २०६९ मंसिर महिना सम्मको रहेको छ ।

## ५.६ नमुना छनोटमा कार्कीवाडा गा.वि.स.को पशु स्थिति

रा.रा.नि. का ९ वटै मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुमा करीब ९८ प्रतिशत मानिसहरुको मुख्य पेशा कृषि रहेकोमा कार्कीवाडा गा.वि.स.मा पनि परम्परागत कृषि प्रणालीमै यहाँका मानिसहरु निर्भर हुँदै आएका छन् । उन्नत बालीनालीको उत्पादन गर्न, यातायातको साधनको रुपमा प्रयोग गर्न र आफ्नो आर्थिक पक्षलाई बलियो बनाउन यस गा.वि.स.का ९९ प्रतिशत मानिसहरु पशु चौपायहरु पाल्दै आएका छन् । ती पशुचौपायाहरुको बेचबिखनबाट आफ्नो आर्थिक गुजारा चल्दै आएको राय यस गा.वि.स.का मानिसहरुको रहेको छ । रा.रा.नि.को स्थापना पश्चात् यस गा.वि.स.का विभिन्न पशु चौपायहरुको निकुञ्ज क्षेत्रभित्र हराउनुका साथै मरेको स्थितिलाई यहाँ उल्लेख गरिएको छ ।

### (क) निकुञ्जमा हराएको पशुको विवरण

रा.रा.नि. कार्यालयको नियम अनुसार यस निकुञ्ज भित्र वर्षायामका ४ महिनाहरु वैशाख, ज्येष्ठ, असार र श्रावणमा मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुलाई पशुचरनको लागि अनुमति दिने भएकोले उक्त समयमा कार्कीवाडा गा.वि.स.का मानिसहरु आफ्ना पशु चौपायाहरु त्यस क्षेत्रभित्र चरनको लागि छाड्ने गर्दछन् । चरनको सिलसिलामा रा.रा.नि.को जङ्गल धेरै घना रहेकोले यस गा.वि.स.का निम्न लिखित संख्यामा रहेका पशु चौपायाहरु निकुञ्ज क्षेत्रभित्र हराएको पाइन्छ ।

## तालिका नं. ४

## निकुञ्जमा हराएको पशुको विवरण

| क.सं. | पशुको नाम | वडाहरु | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | ५ | ६ | ७ | ८ | |
| १ | गाई | २३ | १९ | ६ | ३६ | ८४ |
| २ | गोरु | ३५ | ८ | १२ | १५ | ७० |
| ३ | भैंसी | १७ | ४ | ९ | १३ | ४३ |
| ४ | राँगा | ६ | १ | २ | ७ | १६ |
| ५ | भेडा | ११५ | ३१ | ६३ | १६७ | ३७६ |
| ६ | बाखा | ९५ | २० | ४९ | ५३ | २१७ |
| ७ | घोडाा | १६ | ३ | १ | ४ | २४ |
| ८ | खच्चड | ९ | – | – | २ | ११ |
| | जम्मा | ३१६ | ८६ | १४२ | २९७ | ८४१ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

रा.रा.नि. भित्र कार्कीवाडा गा.वि.स. का चौपायाहरुको वर्षेनी हराउने संख्या उल्लेखनीय रहेको छ । चरनको लागि निकुञ्जमा बैशाख, जेष्ठ, आषाढ र श्रावण महिनामा छाडिएका पशुहरु त्यस क्षेत्रमा रहेको घना जङ्गलका कारण हराउने गरेको देखिन्छ । यो तथ्याङ्क वि.सं. २०५० देखि वर्तमान समय सम्मको रहेको छ । जसमा यस गा.वि.स.का ४ वटा वडाहरु मध्ये सबैभन्दा बढी चौपाया हराउने वडा नं. ५ र कम चौपाया हराउने वडा नं. ६ रहेका छन् । यस गा.वि.स.का नमूना छनोटमा परेका चार वडा मध्ये सबैभन्दा बढी हराउने चौपायामा भेडा र बाखा रहेका छन् भने कम हराउने चौपायाहरुमा खच्चड र घोडा रहेका छन् ।

(ख) निकुञ्जको सिमाना भित्र मरेका पशुहरुको विवरण

यस रा.रा.नि. को सिमानाभित्र चरनको लागि छाडिएका पशु चौपायाहरु पानीको तिर्खा मेटाउन खोज्दा तालमा डुब्नु, बाघ, भालु, ब्वाँसो, स्याल जस्ता जंगली जनावरबाट शिकार हुनु, ठूलठूला रुखहरु भाँचिदा च्यापिनु, चरनको सिलसिलामा भिरबाट खस्नु र चरनकै क्रममा माथिबाट खसेका ठूल-ठूला ढुङ्गा लाग्नु आदि कारणले पशुहरु वार्षिक रुपमै मर्ने गरेको राय यस गा.वि.स.का पशुपालक मानिसहरुको छ । जस अन्तर्गत निकुञ्ज क्षेत्रभित्र मरेका कार्कीवाडा गा.वि.स.का पशुहरुको विवरण यस प्रकार रहेको छ ।

तालिका नं. ५

निकुञ्जको सिमाना भित्र मरेका पशुहरुको विवरण

| क.सं. | पशुको नाम | वडाहरु | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | ५ | ६ | ७ | ८ | |
| १ | गाई | ३ | ६ | ८ | ९ | २६ |
| २ | गोरु | ४ | ७ | ३ | ६ | २० |
| ३ | भैंसी | ४ | ३ | ६ | ५ | १८ |
| ४ | राँगा | २ | – | ३ | – | ५ |
| ५ | भेडा | १२ | ९ | १४ | १३ | ४८ |
| ६ | बाख्रा | ६ | ८ | ३ | ५ | २२ |
| ७ | घोडा | – | १ | – | २ | ३ |
| ८ | खच्चड | ३ | – | – | – | ३ |
| | जम्मा | ३४ | ३४ | ३७ | ४० | १४५ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

तालिका नं. ५ अनुसार रा.रा.नि.को सिमाना भित्र चरनको लागि छाडिएका चौपायाहरु जङ्गली जनावरको शिकार हुनु, तालमा खस्नु, ठूलठूला रुखले च्यापिनु, चट्याङ पर्नु र चरनको सिलसिलामा भिडबाट खस्नु जस्ता विविध कारणहरुले मरेका चौपायाहरु मध्ये नमूना छनोटमा परेका कार्कीवाडा गा.वि.स. वडा नं. ५, ६, ७ र ८ मा सबैभनदा बढी भेडाको संख्या ४८ र सबैभन्दा कम घोडा र खच्चडको संख्या ३।३ मरेको पाइन्छ भने सबैभन्दा बढी चौपाया वडा नं. ८ का ४० वटा मरेका यहाँका समुदायहरुको भनाइरहेको छ । जुन तथ्याङ्क वि.सं. २०५० देखि २०६९ सम्मको रहेको छ ।

## ५.७ रा.रा.नि.को प्रभावबाट कार्कीवाडा गा.वि.स. का वडाहरुमा भू-क्षयबाट प्रभावित जमिनको अवस्था (रोपनीमा)

यस रा.रा.नि.को मध्य भागमा समुद्री सतहबाट २,९९० मीटरको उचाइमा रारा ताल अवस्थित छ । यो ताल मध्यवर्ती क्षेत्रका ५ वटा गा.वि.स.हरु रारा, पिना, सेरी, कार्कीवाडा र खमाले गा.वि.स. हरुको सिरानमिा रहेको र उक्त तालको विभिन्न ठाउँमा मूल फुटेर निस्कने पानीका स्रोतहरुले ती गा.वि.स.का मानिसहरुको खेतीयोग्य जग्गा र पाखो जग्गामा भू-क्षयको समस्या निम्त्याएको उदाहरण तलको तालिका नं. ६ बाट प्रष्ट हुन आउँछ ।

**तालिका नं. ६**

**रा.रा.नि.को प्रभावबाट कार्कीवाडा गा.वि.स. का वडाहरुमा भू-क्षयबाट प्रभावित जमिनको अवस्था (रोपनीमा)**

| वडा नं. | जमिन | |
|---|---|---|
| | खेतीयोग्य | पाखा |
| ५ | ६३६ | ९५२ |
| ६ | ३५४ | २९८ |
| ७ | २६९ | ३०७ |
| ८ | ९१८ | १२४८ |
| जम्मा | २१७७ | २८०५ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

तालिका नं. ६ अनुसार रा.रा.नि.को तालबाट निस्केका पानीका स्रोतहरुले कार्कीवाडा गा.वि.स. वडा नं. ५, ६, ७ र ८ मा जम्मा २१७७ रोपनी खेतीयोग्य जग्गा र २८०५ रोपनी पाखो जग्गा भू-क्षयले नष्ट गरेको देखिन्छ । जसको प्रभाव सबैभन्दा बढी वडा नं. ८ मा परेको छ । वडा नं. ८ मा ९१८ रोपनी खेतीयोग्य जमिन र १२४८ रोपनी पाखो जमिनमा भू-क्षयले नष्ट भएको छ भने सबैभन्दा कम प्रभाव वडा नं. ७ मा परेको छ । जसमा २६९ रोपनी खेतीयोग्य जमिन र ३०७ रोपनी पाखो जमिनको भू-क्षय भएको देखिन्छ । यो तथ्याङ्क वि.सं. २०३२ देखि हालसम्म रहेको देखिन्छ ।

## ५.८ मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुको आफ्नै खेतबारीमा उब्जाउने आम्दानीका स्रोतहरु

नेपालको सबैभन्दा सानो रा.रा.नि.को मध्यवर्ती क्षेत्रका ९ वटै गा.वि.स.का समुदायहरुले आफ्नो खेतबारीमा परम्परादेखि चल्दै आएको खाद्यवालीहरु कोदो, फापर, धान, काउनु, मकै, जौ, गहुँ आदि र पछिल्ला समयमा कृषि प्रणालीमा आएको परिवर्तन सँगै विभिन्न तरकारीहरु काउली, गाँजर, मुला, सागका साथै फलफुल खेतीबाट आफ्नो आर्थिक पक्ष मजबुत हुनमा टेवा पुगेको बताउँछन भने यहाँका

मानिसहरुको आर्थिक सुधार हुनमा विभिन्न पशुपालनबाट दुध, दही, घ्यू बिक्री, पशु बिक्री र मह बिक्रीले पनि सहयोग गरेको देखिन्छ । रा.रा.नि. अन्तर्गत मध्यवर्ती क्षेत्रका ९ वटा गा.वि.स. मा मासिक रुपमा समुदायका मानिसहरुले आफ्नो खेतवारीमा उब्जाउने आम्दानीका स्रोतहरुलाई तल उल्लेख गरिएको छ ।

**तालिका नं. ७**

**मध्यवर्ती क्षेत्रका गा.वि.स.हरुको आफ्नै खेतबारीमा उब्जाउने आम्दानीका स्रोतहरु**

| क्र.सं. | गा.वि.स.को नाम | खाद्यवाली | तरकारीहरु | फलफूलहरु | दुध/घ्यू | मह | पशुविक्री |
|---|---|---|---|---|---|---|---|
| १ | रारा | ५०,००० | ४०,००० | १०,००० | ४५,००० | ३,४५,००० | ५,७०,००० |
| २ | श्रीनगर | ३०,००० | ५७,००० | ८०,००० | २,००,००० | ७०,००० | २,६०,००० |
| ३ | कार्कीवाडा | १,६८,००० | २,१०,००० | ४,१५,००० | ३,७०,००० | १६,००० | ३,३०,००० |
| ४ | पिना | १,१४,००० | ६५,००० | ३५,००० | ५०,००० | १,००,००० | ३,४०,००० |
| ५ | बुम्रमाडी चौर | ६०,००० | ५८,००० | १२,००० | १५,००० | २४,००० | ३,००,००० |
| ६ | वोता मालिका | ५५,००० | १,२०,००० | २,००० | ३०,००० | १,२०,९०० | २४,०५,००० |
| ७ | कनका सुन्दरी | ३७,००० | ४०,००० | ५५,००० | ० | ९६,००० | १६,४०,००० |
| ८ | खमाले | २,००० | ३,००० | ० | ० | ७,००० | ५३,००० |
| ९ | सेरी | २५,००० | २५,००० | २५,००० | ६५,००० | ४७,००० | ५५,००० |
| | जम्मा | ५,४१,००० | ६,१८,००० | ६,३४,००० | ७,७५,००० | ८,२५,९०० | ५९,५३,००० |

(स्रोत : DNPWC, २०६८)

तालिका नं. ७ अनुसार रा.रा.नि.का मध्यवर्ती क्षेत्रका ९ वटा गा.वि.स.हरुको मासिक आम्दानी सबैभन्दा बढी पशुबिक्री (रु. ५९,५३,०००) मा रहेको र सबैभन्दा कम खाद्यवाली (रु. ५,४१,०००) रहेको देखिन्छ । कनका सुन्दरी गा.वि.स.मा दुध/घ्यू बाट शुन्य रुपैयाँ आम्दानी हुने देखिन्छ भने खमाले गा.वि.स.मा पनि दुध/घ्यू र फलफूलबाट पनि मासिक आम्दानी शुन्य रहेको देखिन्छ । मध्यवर्ती क्षेत्रका गा.वि.स. हरुमा सबैभन्दा बढी मासिक आम्दानी खाद्यवाली, तरकारी, फलफूल र दुध । घ्यूमा क्रमशः रु. १,६८,०००, रु. २,१०,०००, रु. ४,१५,००० र रु.३,७०,००० कार्कीवाडा गा.वि.स. को रहेको छ भने महबाट मासिक आम्दानी रु.३,४५,००० रारा गा.वि.स. र पशु बिक्रीबाट मासिक आम्दानी रु.२४,०५,००० बोतामालिका गा.वि.स.को रहेको छ ।

## ५.९ रा.रा.नि.मा पर्यटकको विवरण

नेपाल अधिराज्यको सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज र नेपाल अधिराज्यकै विशाल ताल रारा यसै क्षेत्रमा पर्ने भएकोले प्राकृतिक स्रोत र सम्पदाहरुको धनी भनेर चिनिने रा.रा.नि. को मनमोहक दृश्यहरुको अवलोकन गर्न वर्षेनी रुपमा नेपाल लगायत सार्क राष्ट्र र अन्य राष्ट्रका विदेशी पर्यटकहरु यस ठाउँमा भ्रमण गर्न आउने गर्दछन् । जसमा रा.रा.नि.को भ्रमण गर्न विभिन्न समयमा आएका पर्यटकहरुको संख्यालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ८**
**रा.रा.नि.मा पर्यटकको विवरण**

| क्र.सं. | सन् | वि.सं. | पर्यटकको संख्या |
|---|---|---|---|
| १ | २००२ | २०५८।५९ | २५ |
| २ | २००३ | २०५९।६० | ८ |
| ३ | २००४ | २०६०।६१ | १६ |
| ४ | २००५ | २०६१।६२ | ५ |
| ५ | २००६ | २०६२।६३ | २८ |
| ६ | २००७ | २०६३।६४ | ४६ |
| ७ | २००८ | २०६४।६५ | १४१ |
| ८ | २००९ | २०६५।६६ | १०५ |
| ९ | २०१० | २०६६।६७ | १५७ |
| १० | २०११ | २०६७।६८ | १८३ |
| | जम्मा | | ७१४ |

(स्रोत : DNPWC, २०६८)

माथिको तालिका अनुसार रा.रा.नि.मा वि.सं. २०५८ देखि वि.सं. २०६८ सम्म त्यस क्षेत्रमा भित्रिएका पर्यटकहरुको संख्यालाई देखाएको छ । जसमा सबैभन्दा बढी पर्यटक २०६८ सालमा १८३ जना र सबैभन्दा कम २०६१।२०६२ सालमा ५ जना भ्रमण गर्न आएको पाइन्छ । यस निकुञ्जमा वर्षेनी पर्यटकहरु भ्रमण गर्न आउने तथ्य माथिको तालिकाले दर्शाएको भएता पनि शैक्षिक, भौतिक, आर्थिक र राजनैतिक हिसाबले निकै पछि परेको यस जिल्लामा यातायातको उपर्युक्त सुविधा नभएकै कारणले यस क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकहरुको संख्या उल्लेखनीय रुपमा नबढेको देखिन्छ ।

# छैटौं - अध्याय

# सारांश र निष्कर्ष

## ६.१ सारांश

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलमा पर्ने सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज रारा राष्ट्रिय निकुञ्ज हो । यस शोध अध्ययनको सिलसिलामा रारा राष्ट्रिय निकुञ्जको चिनारी गराउनुको साथै यस निकुञ्जको स्थापनाले त्यस क्षेत्र आसपासमा पारेको प्रभावको वारेमा अध्ययन गरिएको छ । जस अनुसार अध्ययनको क्रममा प्राप्त भएका सारांशहरुलाई यस प्रकार उल्लेख गरिएको छ :

रा.रा.नि.को सिमानाबाट स्थानीय मानिसहरुको बस्तीमा प्रवेश गर्ने सुंगुर, बंगुर, बाँदर, बाघ र भालु जस्ता जंगली जनावरहरुले घर तथा टहराहरुमा सामान्य क्षति पुऱ्याउँदै स्थानीय बाली आलु, कोदो, जौँ, गहुँ, फापर, भट्टमास, काउनु आदि र फलफूलहरु पनि नोक्सान गर्ने गरेका छन् । यी जङ्गली जनावरहरुले रा.रा.नि.का मध्यवर्ती क्षेत्रका ९ वटै गा.वि.स.का जम्मा ३,९९० घरधुरी मध्ये अधिकांश घरधुरी (३,३१५) का जम्मा ३,३३९ क्विन्टल बालीनाली नोक्सान गरेका छन् । जसमा कार्कीवाडा गा.वि.स.का कुल ६६२ घरधुरी मध्ये ३९६ घरधुरीका ३५२ क्विन्टल बालीनाली नोक्सान गरेका छन् भने यस निकुञ्जका मध्यवर्ती क्षेत्रका ९ वटा गा.वि.स.हरु मध्ये सबैभन्दा बढी पिना गा.वि.स. मा ७८४ क्विन्टल बालीमा क्षति पुगेको छ । जुन तथ्याङ्क वि.सं २०६० देखि वि.सं. २०६९ मंसिर महिना सम्मको रहेको छ । रा.रा.नि. को कार्यालयको नियम अनुसार यस निकुञ्ज क्षेत्रमा जम्मा ४ महिना पशु चरणको लागि अनुमति दिने भएकाले बाँकी ८ महिना मध्यवर्ती क्षेत्रका ९ वटै गा.वि.स. का मानिसहरुलाई पशु चरन क्षेत्रको समस्या हुने गरेको छ । जसले स्थानीय समुदायका घरपालुवा संख्या उचित चरन क्षेत्रको अभावका कारण घटेको छ भने अर्कोतर्फ यस निकुञ्जको जंगल धेरै घना रहेकोले चरनको लागि छाडिएका सिमाना भित्र सबैभन्दा बढी मर्ने चौपाया

भेडा ४८ वटा र कम घोडा र खच्चड ३/३ संख्यामा रहेका छन् । जुन तथ्याङ्क वि.सं. २०५० देखि वि.सं. २०६९ साल सम्मको रहेको छ ।

रा.रा.नि. को मध्यभागमा रहेको तालबाट मध्यवर्ती क्षेत्रका विभिन्न ठाउँमा निस्केका पानीका मुहानहरुले ९ वटा गा.वि.स.हरु मध्ये श्रीनगर, पिना, कार्कीवाडा, सेरी र खमालेका खेतीयोग्य र पाखो जग्गामा भू-क्षयको स्थिति सिर्जना भएको छ । जसको कारण वि.सं. २०३२ देखि हालसम्म कार्कीवाडा गा.वि.स. को कूल खेतीयोग्य भू-भाग ६.३५ वर्ग कि.मी. मध्ये करीब ९१८ रोपनी (१,८३६ हल) खेती योग्य भू-भाग र १,२४८ रोपनी (२४९६ हल) गरी जम्मा २,८०५ रोपनी (५,६१० हल) जग्गा भू-क्षय गराइसकेको छ । उल्लेखित माथिका कारणहरुले यस निकुञ्जको स्थापना पश्चात् त्यहाँका समुदायहरुमा नकारात्मक असर परेको छ । यसका साथ साथै वि.सं. २०३२ सालमा यस क्षेत्रलाई श्री ५ को सरकारले नेपालको संरक्षण क्षेत्रमा सूचीबद्ध गरेपछि यस निकुञ्जको हुटु आसपास बसोबास गरेका करीब ६०० संख्यामा रहेका जम्मा १४२ घरधुरीका समुदायहरुको पुर्नस्थापना नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बाँके जिल्लाका चिसापानी गा.वि.स. को चिसापानी, नौबस्ता गा.वि.स. को गाबर र बानियावार क्षेत्रमा गर्दा ती समुदायका मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक पक्षहरुमा नकारातमक असर परेको छ ।

रा.रा.नि. को स्थापनाले यस क्षेत्रको ७३.१५७ वर्ग कि.मी. वन क्षेत्रमा ५१ जातका लोपोन्मुख वन्यजन्तुहरु, ३ प्रजातीका माछा, २९२ प्रजातीका चराचुरुङ्गी, विभिन्न औषधी बनाउन प्रयोग गरिने अमूल्य जडिबुटीहरु र नेपालकै ठूलो ताल लगायत निकुञ्जको सिमाना भित्र रहेका अन्य जैविक तथा अजैविक प्राकृतिक सम्पदाहरुको उचित संरक्षणले तिनीहरुमा सकारात्मक प्रभाव परेको छ । यस निकुञ्जको मध्यवर्ती क्षेत्रका अधिकांश मानिसहरु (करीब ९८%) ले आफ्नै परम्परागत कृषि पेशा अँालेकोमा यस निकुञ्जको स्थापनाले तिनीहरुको पेशामा परिवर्तन ल्याएको छ । जसअन्तर्गत तिनीहरुले यस क्षेत्रमा वि.सं. २०५८ देखि वि.सं. २०६८ सालसम्म

भ्रमण गर्न आएका ७१४ जना स्वदेशी तथा विदेशी पर्यटकहरुको भारी बोक्ने भरिया र उनीहरुलाई घुमाउने मार्गदर्शक पेशामा संलग्न रहेका छन् । यसका साथै मध्यवर्ती क्षेत्रका मानिसहरु व्यापार, व्यवसाय, तरकारी खेती, फलफूल खेती, पशुपालन र सरकारी तथा गैरसरकारी संघ/संस्थामा संलग्न रही आफ्नो परम्परागत कृषि पेशालाई परिवर्तन गरेका छन् । जसमा मध्यवर्ती क्षेत्रका ९ वटा गा.वि.स.हरुले पशुपालन र बिक्रीबाट रु.५९,५३,०००, महबाट रु.८,२५,९००, दुध/घ्यूबाट रु. ७,७५,००० फलफूल खेतीबाट रु. ६,३४,००० र तरकारी खेतीबाट रु. ६,१८,००० आर्थिक मासिक रुपमा कमाउने गरेका छन् । यस निकुञ्जको स्थापना पश्चात् त्यहाँका समुदायमा आएको पेशाप्रतिको परिवर्तनले उनीहरुको आर्थिक स्तर वृद्धि हुनुका साथै त्यसले शैक्षिक क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको छ ।

## ६.२ निष्कर्ष

नेपालको सबैभन्दा सानो रा.रा.नि.को स्थापनाले यसका मध्यवर्ती क्षेत्रका ९ गा.वि.स.हरुलाई र निकुञ्ज क्षेत्रको वातावरणलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पारेको छ । ती प्रभावहरुलाई यस शोधकार्यमा निष्कर्षको रुपमा लिइएको छ ।

यस निकुञ्जको स्थापनाले जङ्गली जनावरहरु जस्तैः हिमाली भालु, हिमचितुवा, कस्तुरी, मृग, रतुवा, ब्वाँसो, बाघ, बनकुकुर, घोरल, झारल, थार, बँदेल, नाउँर, बाँदर, डाँफे, मुनाल, मयूर, च्याखुरा, कोइली, कालिज, काग, चिल, आदिलाई उपर्युक्त वाँस स्थान र तिनीहरु बाँच्नको लागि आवश्यक आहारा प्रदान गरी उचित संरक्षणमा सकारात्मक प्रभाव परेको छ । विभन्न औषधी बनाउन प्रयोग हुने बहुमूल्य जडिबुटीहरु यार्सागुम्बा, पाँचऔले, जटामासी, पदमचाल, सतुवा, चिराईतो, भुल्ते, तितो, कुट्की आदि र हरिया वनस्पतिहरु जस्तैः लाली गुराँस, बाँस, भोटेपिपल, डालेचुक, खर्सु, ढटेलो, ओखर, चुली, आरु, वैस आदिको उत्खनन र कटानी गरी चोरी शिकारी गर्ने कार्यमा यस निकुञ्जको नियमले प्रतिबन्ध लगाएकोमा तिनीहरुको उचित संरक्षणमा रा.रा.नि.को स्थापनाले सकारात्मक प्रभाव पारेको छ । यस रा.रा.नि.को स्थापनाले

निकुञ्ज क्षेत्रको वातावण देशका अन्य निकुञ्जको भन्दा पृथक भएको र उक्त वातावरणको अवलोकन गर्न देश र विदेशबाट आउने पर्यटकहरुबाट प्राप्त आर्थिक रकमले यस क्षेत्र आसपासका मध्यवर्ती क्षेत्रका ९ वटा गा.वि.स.का मानिस लगायत जिल्लाकै आर्थिक पक्षमा सकारात्मक प्रभाव परेको छ । साथै यस क्षेत्रका मानिसहरु आफ्नो कृषि पेशालाई त्याग्दै पर्यटन व्यवसायतर्फ उन्मुख भएकोले यस निकुञ्जको स्थापनाले यहाँका समुदायहरुको पेशामा समेत परिवर्तन ल्याएको छ । रा.रा.नि.को शैक्षिक भ्रमण गर्न आउने शैक्षिक निकायका विभिन्न व्यक्तिहरुलाई यस निकुञ्जको वातावरणले आवश्यक ज्ञान दिएकोले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ । यस राष्ट्रिय निकुञ्जमा रहेको ठाकुर ज्यू र महादेवको पूजाआजा गर्न पूर्व विस्थापित रारा र छाप्रु गाउँका मानिसहरु प्रत्येक वर्ष साउन १ गते यहाँ आउने भएकोले यस धार्मिक स्थलले विभिन्न समुदायका मानिसहरु विचको सम्बन्धलाई दरिलो र कसिलो बनाएकोले धार्मिक रुपमा यस निकुञ्जको स्थापनाले सकारात्मक प्रभाव पारेको छ ।

रारा निकुञ्जको घोषणा पश्चात् त्यस क्षेत्रमा पशुचरन, आफ्नो आवश्यकता अनुसार काठ, दाउरा र सोत्तर स्याउलाको निर्यात र जङ्गली जनावरहरुको शिकार गर्नबाट बन्देज भएकोले निकुञ्जको कडा नियमले स्थानीय समुदायमा नकारात्मक प्रभाव पारेको छ । रा.रा.नि.को जङ्गल एकदम घना भएकोले त्यस क्षेत्रमा पशु चरनको लागि छाडिएका चौपायाहरु निकुञ्ज सिमानाभित्र हराउनका साथै मर्ने भएकोले र यस निकुञ्जको तालमा मान्छेको समेत ज्यान गइसकेकोले निकुञ्जको स्थापनाले नकारात्मक प्रभाव पारेको छ । यस निकुञ्जको संरक्षणमा खटिएका केही कर्मचारीहरुले समुदायका मानिसहरुसँग देखाउने नराम्रो व्यवहारले र स्थानीय बासिन्दाहरुको जग्गा जमिनमा निकुञ्जका जंगली जनावरहरुले बालीनालीहरुको नोक्सान र घर तथा टहराहरुमा क्षति पुऱ्याउने भएकोले यस निकुञ्जको स्थापनाले नकारात्मक प्रभाव पारेको छ । यस निकुञ्जको स्थापना पश्चात् त्यस क्षेत्रको रारा र छाप्रु गाउँका सम्पूर्ण मानिसहरुलाई श्री ५ को सरकारले विस्थापन गर्दा तिनीहरुको आर्थिक, धार्मिक, भौतिक र सामाजिक पक्षहरु माथि नकारात्मक असर परको छ ।

# सन्दर्भग्रन्थ सूची

Bhatta, S.R. (1994). *Bieginning with Buffer Zone Management (A Case Study from Royal Bardiya National Park)*. An Unpublished M.Sc. Thesis, Agricultural University of Norway.

DNPWC (2009-2012). *Annual Report of National Parks and Wildlife Conservation of Nepa*. Babarmahal, Kathmandu, Nepal.

Jnawali, S.R. (1989). *Park People Conflict Assessment by Rhinoceras in Sauraha Area Adjacent to Royal Chitwan National Park*. An Unpublished M.Sc. Thesis Noragric, Agricultural University of Norway.

Kharel, F.R. (1993). *Park People Conflict in Langtang National Park*. A M.Sc. Thesis Submitted to Lincoln University, Centerbury New Zealand.

Mackinnon, J., Mackinnon, K., Child, G., Thronett, J. *Managing Protected Areas in the Tropics* (pp. 99-113).

Malik, M. (1988). *Management Status of Protected Areas in Pakistan*. Tiger Paper XV (3).

Malla, D.B. (1997). *Prospect and Problems of Natural Park: (A Case Study from Rara National Park Mid-Western Nepal*. An Unpublished M.A. Thesis, T.U., Kathmandu, Nepal.

Population Census (2011). *National Report of Population*. Central Bureau of Statistics, Kathmandu, Nepal.

*Rara National Park and Its Bufferzone Resource Profile* (2006). Department of National Park and Wildlife Conservation, Babarmahal, Kathmandu.

Somboon, P. W. (1990). *Thiland's National Parks and Sancturies Tiger Paper XVII (3).*

Shrestha, B. (1994). *Studies on Park and People Conflict.* An Unpublished M.Sc. Thesis Submitted to Central Department of Zoology, T.U., Kathmandu, Nepal.

Traveller's Information (2012). *Nepal Tourism Board.* Bhrikutimandap, Kathmandu, Nepal.

Vas de Antoon (1986). *The Values of Life Utilization.* Tiger Paper XIII (1).

28th Warden Seminar (2012). *Department of National Parks and Wildlife Conservation.* Babarmahal, Kathmand, Nepal.

आचार्य, बलराम (२०६३). *अनुसन्धान पद्धति र प्रतिवेदन लेखन,* नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौं, नेपाल ।

श्रेष्ठ, चतुरलाल (२०६८). *संरक्षण समाचार,* रा.नि. तथा व.ज. सं. विभाग, काठमाडौं, नेपाल ।

## अनुसूची - १

## तथ्याङ्क संकलनको क्रममा घरधुरी सर्वेक्षण गर्दा प्रयोग गरिएको फाराम

१. उत्तरदाताको नाम :-

२. उमेर :-

३. लिङ्ग :-

४. शिक्षा :-

५. पेशा :-

६. वडा नं.:-

७. गा.वि.स. :-

८. जिल्ला :-

९. अञ्चल :-

| क.सं. | उत्तरदाताको नाम | नोक्सान पुऱ्याउने जनावरको नाम | नोक्सान पुगेको बालीको नाम | नोक्सान पुगेको बाली .क्विन्टलमा) | पशुको नाम | | पशुको संख्या | | भू-क्षय भएको जमिन रोपनीमा | आधुनिक खेतीको नाम | आधुनिक खेतीबाट आम्दानी ( मासिक) | पर्यटकबाट आम्दानी मासिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | हराएका | मरेका | हराएका | मरेका | | | | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

## अनुसूची - २

## तथ्याङ्क संकलनको क्रममा सोधिएका प्रश्नावलीहरु

१. तपाईको विचारमा रारा तालको उत्पत्ति सम्बन्धी पौराणिक किम्बदन्ती कस्तो रहेको छ ?

२. रा.रा.नि.को घोषणा हुनुपूर्व त्यस क्षेत्रमा बसोबास स्थिति कस्तो थियो ?

३. रा.रा.नि.को घोषणा हुनुपूर्व त्यस क्षेत्रमा तपाई कस्ता-कस्ता क्रियाकलापहरु गर्नुहुन्थ्यो ?

४. यस क्षेत्रलाई राष्ट्रिय निकुञ्जमा घोषणा गर्नुको कारण के-के थिए ?

५. रा.रा.नि. को घोषणा गर्दा त्यस क्षेत्रमा बसोबास गर्ने समुदायलाई कहाँ र कसरी स्थापना गरियो ?

६. रा.रा.नि.को संरक्षणमा तपाईको समुदायबाट हालसम्म खेलेका भूमिकाहरु के-के हुन ?

७. रा.रा.नि.को स्थापनाले तपाईको समुदायमा सकारात्मक/नकारात्मक कस्तो प्रभाव पारेको छ ?

८. रा.रा.नि.को जंगली जनावरहरुले तपाईको कुन-कुन बालीमा कति नोक्सान गराइएका छन् ?

९. तपाई रा.रा.नि.को नियमप्रति सन्तुष्ट/असन्तुष्ट के हुनुहुन्छ र कसरी ?

१०. राष्ट्रिय निकुञ्ज भित्र पशु चरनको नीति र नियम कस्तो रहेको छ ?

११. निकुञ्जको सिमाना भित्र पशु हरण र मरणको अवस्था र संख्या के कति रहेको छ ?

१२. निकुञ्जको सिमाना भित्र मानव क्षतिको संख्या कति रहेको छ ?

१३. तपाईको गाउँमा निकुञ्जका कर्मचारीप्रतिको दृष्टिकोण कस्तो रहेको छ ? किन ?

१४. रारा तालबाट निस्कने पानीका स्रोतहरुले तपाईलाई के कति क्षति पुऱ्याएका छन् ?

१५. रा.रा.नि.को स्थापना हुनु पुर्व र पश्चात् तपाईको समुदायमा काठ, दाउरा र सोत्तर स्याउला आपूर्तिमा कस्तो प्रभाव परेको छ ? किन ?

१६. रा.रा.नि.को स्थापना पूर्व तपाईको आर्थिक अवस्था कस्तो थियो ?

१७. तपाईको आर्थिक वृद्धि हुनमा यस निकुञ्जले कसरी सहयोग गरेको छ ?

१८. निकुञ्जको स्थापनाले तपाईको पेशामा परिवर्तन आएको छ ? छ भने कसरी ?

१९. निकुञ्जको घोषणा हुनुपूर्व तपाईको आम्दानीका स्रोतहरु के-के थिए ?

२०. निकुञ्जको घोषणा पश्चात् तपाईको आम्दानीका स्रोतहरु के-के हुन ?

२१. तपाईको विचारमा यस क्षेत्रलाई राष्ट्रिय निकुञ्जमा घोषणा गरेपछि यसले त्यस क्षेत्र भित्रको कुन-कुन वातावरणलाई संरक्षण गरेको छ ?

२२. तपाईले रा.रा.नि.मा भ्रमण गर्न आउने पर्यटकहरुबाट के-के फाइदाहरु पाउनुभयो ?

२३. यस निकुञ्जको स्थापनाले तपाईको गाउँको शैक्षिक क्षेत्रमा कस्तो प्रभाव परेको छ ?

२४. निकुञ्जका जंगली जनावरको प्रभावलाई न्यूनिकरण गर्न तपाईको विचारमा कुन-कुन पक्षले कस्ता भूमिका निर्वाह गर्नुपर्ला ?

२५. रा.रा.नि.मा पर्यटकहरुको संख्या बढाउन के-के गर्नुपर्ला ?